# लेखापरीक्षण प्रतिवेदन

# सोलुखुम्बु

## २०७२।७३




## महालेखापरीक्षकको कार्यालय

### काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ। जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ। आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ। यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ। यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ। यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ। प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १ | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २ | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३ | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| ३.१ | अमरदल गुल्म | ३ |
| ३.२ | अस्पताल बिकास समिति | ३ |
| ३.३ | इंलाका प्रशासन कार्यालय सोताङ | ३ |
| ३.४ | जिल्ला कृषि विकास कार्यालय | ४ |
| ३.५ | घरेलु तथा साना उद्योग विकास समिति | ६ |
| ३.६ | दुर्गम क्षेत्र बिकास समिति | ७ |
| ३.७ | नापी कार्यालय | ८ |
| ३.८ | जिल्ला निर्वाचन कार्यालय | ८ |
| ३.९ | पर्यटन कार्यालय | ८ |
| ३.१० | जिल्ला प्रहरी कार्यालय | ९ |
| ३.११ | जिल्ला प्राबिधिक कार्यालय | १० |
| ३.१२ | जिल्ला बन कार्यालय | ११ |
| ३.१३ | बराह दल गुल्म नाम्चे | १३ |
| ३.१४ | मालपोत कार्यालय | १३ |
| ३.१५ | याक बिकास फार्म, स्याँबोचे | १४ |
| ३.१६ | सगरमाथा राष्ट्रिय निकुञ्ज | १५ |
| ३.१७ | जिल्ला विकास समितिको कार्यालय | १८ |
| ३.१८ | सिंचाइं बिकास सब–डिभिजन कार्यालय | ३२ |
| ३.१९ | जिल्ला शिक्षा कार्यालय | ३२ |
| ३.२० | स्थानीय विकास कोषको सचिवालय | ३४ |
| ३.२१ | जिल्ला स्वास्थ्य कार्यालय | ३५ |
| ४ | आन्तरिक लेखापरीक्षण | ३९ |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | ४० |
| अनुसूची २ : | बेरुजूको स्थिति | ४१ |
| अनुसूची ३ : | जिम्मेवार पदाधिकारीको नामावली | ४३ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- o विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- o स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- o राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- o सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- o नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- o आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- o स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| ● सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>● वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>● महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>● संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>● गुणस्तर आश्वस्तता निर्देशिका,<br>● आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>● राजस्व लेखापरीक्षण मार्गदर्शन, | ● सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>● प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>● जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>● जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>● लेखापरीक्षकको आचारसंहिता,<br>● सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम २० कार्यालयको विस्तृत र १८ कार्यालयको संक्षिप्तविधि एवं आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ३८ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.४ अर्ब १२ करोड १३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष २६ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा ४३५ र रु.१७ करोड ९२ लाख १२ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म २३ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएको २८५ दफा र रु.११ लाख २३ हजार मिलान गरी २६ कार्यालयको दफा १५० र रु. १७ करोड ८० लाख ८९ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिकृयाबाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा संख्या कायम गरिएको छ। लेखापरीक्षणको क्रममा रु.१ लाख ६० हजार र प्रतिक्रियाबाट रु.६ लाख ३३ हजारगरी जम्मा रु.७ लाख ९३ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.२७ लाख ९ हजार, अनियमित रु.१५ करोड ३८ लाख ६३ हजार र पेश्की रु.२ करोड १५ लाख १७ हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाई समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ३ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमासम्झौता वा कबुलियतनामामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## अमरदल गुल्म

१. **खर्च संरचना :** स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा कार्यक्रम संचालन गर्नुपर्नेमा कार्यालयले पूंजीगतमा भएकोसम्पूर्ण खर्च रु.२० लाख ५० हजार आर्थिक वर्षको अन्त्यमा खर्च गरेको पाइयो । नियममा भएको व्यवस्था अनुसार समयमै खरिद व्यवस्थापन तथा कार्य संचालन गर्नुपर्दछ ।

२. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ५०(३) बमोजिम गरिएको जिन्सी निरीक्षण प्रतिबेदन अनुसार बिभिन्न मालसामान बेसाबुत र प्रयोगमा नआउने भनी उल्लेख भएकोमा समयमानै लिलाम बिक्री गरी जिन्सी अध्याबधिक गर्नुपर्ने देखिन्छ ।

## अस्पताल बिकास समिति

१ **आर्थिक बिबरण :** कार्यालयबाट प्राप्त आर्थिक बिबरण अनुसार चालु वर्षको आयतर्फ रु.२२,६६,८००।- देखाएकोमा गत आर्थिक वर्षको बैंक दाखिला हुन बांकी रु.२,२०,३००।- र चालु आर्थिक वर्षमा स्वास्थ्य कार्यालयलाई सापटी दिएको रु.२,००,०००।– फिर्ता प्राप्तलाई आयमा समावेश गरेको पाईयो । यसरी चालु आर्थिक वर्षको वास्तबिक आम्दानी रु.१८,४६,४६९।– देखाउनु पर्नेमा रु.४,२०,३००।– बढी देखाएको हुंदा प्रस्तुत आर्थिक विवरणले यथार्थ चित्रण गरेको पाईएन । अस्पतालको आम्दानी रकम स्वास्थ्य कार्यालयलाई सापटी दिने परिपाटीमा नियन्त्रण हुनुपर्दछ । गत वर्षको मौज्दात रु.१९,१५,४६५।– रहेकोमा चालु आर्थिक वर्षमा रु.१७,६४,४३५।– देखाएको हुंदा रु.१,५१,०३०।– कम मौज्दात देखाएको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

२. **घटीआय :** दैनिक आम्दानी खाता अनुसार अस्पतालले चालु आर्थिक वर्षमा रु.१४,१६,१९०।– आम्दानी देखाएकोमा रु.१३,४६,६२०।–बैंक दाखिला भएको देखिन्छ । यो वर्ष प्राप्त आम्दानी रकम मध्ये रु.६९,५७०।– बांकी हुनुपर्नेमा रु.६,१६०।–आर्थिक वर्षको अन्त्यमा नगद देखाएकोले नपुग रु.६३,४१०।–का यकिन गरी बैंक दाखिला हुनुपर्दछ ।

३. **आम्दानी खाता :** अस्पतालले राखेको दैनिक आम्दानी खाता प्रमाणित गरेको छैन । साथै नगदी रसिद अनुसारको आम्दानी बैंक खातामा दाखिला भएको यकिन गर्न सकिएन । रसिद नियन्त्रण खाता लेखापरीक्षणमा पेश भएन । कार्यालयले अस्पताल बिकास समितिको आम्दानी सम्बन्धमा आन्तरिक नियन्त्रण प्रणाली चुस्त राखेको पाईएन ।

४. **बढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ को उपनियम (३) मा कार्यालयले खर्च लेख्दा खर्चका बिल भरपाई संलग्न गरी खर्च लेखीनुपर्ने व्यवस्था छ ।एक कर्मचारीलाई २०७२ आषाढ महिनामा रु.१७,७३०।-प्रमाण बेगर भुक्तानी दिएकोरकम असुल हुनुपर्दछ ।

## ईलाका प्रशासन कार्यालय, सोताङ

१. **कर दाखिला :** कार्यालयले काठमाडौंको एक आर्पूतक संस्थाबाट कम्प्युटर लगायतका सामान खरिद गरी भुक्तानी गरेकोमा आयकर ऐन,२०५८ अनुसार कट्टी गरेको अग्रिम कर रु.३,१७३।- सञ्चित कोष दाखिला गरेको छैन । उक्त रकम राजस्व दाखिला हुनुपर्दछ ।

२. **बढी खर्च** : बार्षिक विनियोजित बजेटबाट तोकिएको शीर्षकमा मात्र खर्च गर्न पाईनेमा कार्यालयले ईन्धनमा रु.१०,०००।-, धारा बिजुलीमा रु.८,७५०।- र संचार महशुलमा रु.७,५००।-समेत रु.२६,२५०।- बढी खर्च गरेको रकम अनियमित देखिएको छ ।

३. **अन्य शीर्षकको खर्च** : अर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम ३५ (३) अनुसारसरकारी बजेट खर्च निर्देशिका एवम बर्गीकरण र व्याख्या सम्बन्धी पुस्तिकाले तोकिएको खर्च शीर्षकमा मात्र खर्च गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यालयले सेवा अन्य शीर्षकबाट दरबन्दी नभएका सहयोगी कर्मचारीको पारिश्रमिक,परामर्श  लगायतका कार्यमा खर्च गर्नुपर्नेमा कम्प्युटर मर्मत कार्यमा रु.८१,०००।- खर्च गरेको रकम नियमसम्मत देखिएन ।

## जिल्ला कृषि विकास कार्यालय

१. **मल मौज्दात** : रासायनिक मल ढुवानी कार्यक्रमको प्रगति विवरण अनुसार वर्षान्तमा ३ केन्द्रमा ३३.४ मे.टन रासायनिक मल मौज्दात राखेको पाईयो । मल ढुवानी सम्बन्धी ठेक्का बन्दोबस्त गरी रु.४९,३४,८२५।- ढुवानी अनुदानमा खर्च गरे तापनि जिल्लामा कृषकहरुको माग बमोजिम मल वितरण भएको पाइएन । स्वीकृत बार्षिक कार्यक्रम अनुसार किसानहरुको आवश्यकताको सही विश्लेषण सहित कार्यक्रम सञ्चालन गरी कार्यक्रम बजेटको उपयोगमा जोड दिनुपर्दछ ।

२. **कार्यक्रम सञ्चालन** : स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि प्रसार कार्यक्रम तर्फ गहुंको डिस्पो कार्यक्रम ११ हेक्टर लक्ष्य रहेकोमा ६ हेक्टरमा मात्र सम्पन्न गरेको छ । प्रा.स. ⁄ ना.प्रा.स.तालिम ५ जनाको लक्ष्य रहेकोमा २ जनालाई दिएको छ । यसै गरी आलु तरकारी तथा मसला विकास कार्यक्रम अन्तर्गत खुम्जुंग गा.बि.स. व्यावसायिक आलु बिकास आयोजना अन्तर्गतका कार्यक्रम सञ्चालनको पकेट क्षेत्र रहेकोमा कुनै कार्यक्रमसञ्चालन गरेको देखिएन । उक्त क्षेत्रमा खरिखोला सेवा केन्द्र मार्फत यो वर्ष तरकारी प्याकेट प्रदर्शन ४ वटा,उन्नत विउ ५० वटा,मकै विउ २०० के.जी. र प्लाष्टिक टनेल ३० वटा सञ्चालन गरेको जनाएको छ । बार्षिक कार्यक्रम सञ्चालन गर्दा सबै क्षेत्र तथा गा.बि.स.मा पुग्नेगरी कृषकहरुलाई सेवा पुऱ्याउनुपर्दछ ।

३. **लक्ष्य प्रगति** : सिंचाई परियोजना र पशु चिकित्सा सम्बन्धी उपकरण तथा मेशिन औजारको लागि रु.४ लाख २० हजार कार्यक्रम स्वीकृत भएको देखिन्छ। कार्यालयले सहकारी खेती स्किम अन्तर्गत एक सहकारी संस्थालाई तरकारी खेती गर्न १५ वटा प्लाष्टिक घर निर्माण,तालिम सञ्चालन,मल विउ विजनको रु.४,८२,८५०।- लागत अंकको आधारमा २०७२।१०।१८ मा सम्झौता गरी कार्य प्रगतिको आधारमा कार्यालयले रु.४,२०,०००।- व्यहोरी उक्त कार्य सम्पन्न गरेको देखिन्छ। लक्षित कार्यक्रममा संशोधन नगरी अन्य प्रकृतिको कार्य गरेकोले लक्ष्य तथा प्रगतिमा समन्वय हुनुपर्दछ ।

४. **कार्यक्रम सञ्चालन** : बिश्व बैंकको अनुदानमा सञ्चालित खाद्य संकट सम्बोधन कार्यक्रम अन्तर्गत भुकम्प प्रभावित कृषकहरुको १२०६ गोठ निर्माण को लागि कुल रु.३ करोड १७ लाख ५४ हजार विनियोजन भएकोमा ११७९ सम्पन्न गरी रु.३,०९,८०,५२०।- खर्च गरेकोदेखिन्छ । जिल्ला दैवी प्रकोप उद्दार समितिको २०७२।६।१ को बैठकबाट कृषक छनौट कोटा १२०६ निर्धारण गरी कार्यक्रम सञ्चालन गरेकोमा सम्झौता अनुसार गोठ निर्माण गरी सम्बन्धित किसानबाट माग गरेको आधारमा प्रति प्रभावित रु.२५,०००।- का दरले रु.२,९४,७५,०००।- खर्च लेखी भुक्तानी गरेको देखियो । बांकी २७ प्रभावित किसानले सम्झौता अनुरुप निर्माण कार्य सम्पन्न गरी भुक्तानी लिन नआएकोले प्रगति नपुग भएको कार्यालयले जनाएको छ ।

५. **कृषि प्रसार कार्यक्रम** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० (४) मा कार्य सम्पादन जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लिखित निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको

अवधि भन्दा कम्तिमा १ महिना बढी अवधिको हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले रु.१३,४४,८६६।- मा ग्यारेज निर्माण कार्य २०७२।११।३० सम्पन्न भएको आधार लिदाँ मर्मत सम्भार अवधिको कार्य सम्पादन जमानतको म्याद २०७३।१२।३० हुनुपर्दछ । कृषि बिकास बैंक,सल्लेरीको २०७२।९।५ को जमानी पत्रको म्याद २०७२।११।३० सम्म रहेको देखिएकोले नियमको व्यवस्था बमोजिमको रु.६२,०००।- को जमानत लिएको देखिएन ।

६. **चौमासिक पूंजीगत खर्च :** स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा कार्यक्रम संचालन गर्नुपर्नेमा कार्यालयले २ बजेट उपशीर्षकमा तेश्रो चौमासिकमा ६८.२७ प्रतिशत र आषाढमा ६१.४५ प्रतिशत खर्च गरेको पाईयो । यसरी बर्षान्तमा काम गराउंदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुसार समयमै खरिद व्यवस्थापन तथा कार्य संचालन गर्नु पर्दछ ।

७. **कन्टिजेन्सी खर्च :** सार्वजनिक खरिद नियमाबली, २०६४ को नियम १० (७) बमोजिम निर्माण कार्यको लागत अनुमानमा २.५ प्रतिशत वर्क चार्ज स्टाफ खर्च र सानातिना अन्य खर्चका लागि २.५ सम्म समावेश गर्न सकिने व्यवस्था छ। रासायनिक मल ३०२.७५ मे.टन ढुवानी कार्य गराउंदा रु.४९,३४,८५५।- भुक्तानी गरेको छ । सम्झौता रकमको ५ प्रतिशतले हुने रु.२,३२,८२०।- सूचना प्रकाशन, बैठक भत्ता,अनुगमन मूल्यांकन भ्रमण खर्च आदिमा खर्च गरेको देखियो । दैनिक भ्रमण लगायतका छुट्टै विनियोजन हुने खर्च शीर्षकमा सोही शीर्षकबाट खर्च गर्न र निश्चित मापदण्ड बनाई कन्टिजेन्सी खर्चमा मितव्ययिता ल्याउन सम्बद्ध निकायले ध्यान दिनुपर्दछ ।

८. **अभिलेख व्यवस्थापन :** कार्यक्रम संचालन गरी खर्च गरेको कार्यक्रम वाईज खर्च अभिलेख नराखेको हुंदा बार्षिक कार्यक्रममा तोकिए अनुसार खर्च भएको छ भन्न सकिने स्थिति भएन । कार्यक्रमवाइज खर्च अभिलेख राखी आर्थिक कारोबारलाई विश्वसनीय र पारदर्शी वनाउनुपर्दछ ।

९. **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ को उपनियम (३) मा कार्यालयले खर्च लेख्दा खर्चका बिल भरपाई संलग्न गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । अलैंची विरुवामा ५० प्रतिशत अनुदान दिई वितरण गर्ने कार्यक्रम अर्न्तगत इलामबाट २८५०० विरुवा ल्याई वितरण गर्दा सल्लेरीबाट सेवा केन्द्रमा जिल्लाको दररेट अनुसार ढुवानी गरेको छ भने इलामबाट सल्लेरी ल्याउंदा रु.२,८५,०००।- र इलाममा नर्सरीबाट राजमार्गसम्म ल्याउन रु.१,९९,५००।- ढुवानी भाडा खर्च गरेको छ । यस कार्यमा ५० प्रतिशत रकम किसानबाट प्रति बिरुवा रु.४।- का दरले उठाई कार्यालयबाट रु.१३,९३,०००।- खर्च गरी पेश्की फछ्र्यौट भएको छ।

ढुवानी खर्च गर्दा कार्यालयले सडक दुरी र जिल्ला दररेटको आधारमा लागत अनुमान तयार नगरी कार्यक्रम बजेटको आधारमा सिधैं ट्रान्सपोर्ट कम्पनीसंग सम्झौता गरी किसानलाई अलैंची विरुवा वितरण गर्दा ढुवानी कार्यमा बढी खर्च हुने गरेको देखियो । लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तवरले कम लागत पर्ने गरी खर्चमा पारदर्शिता र मितव्ययीता ल्याउने सम्बन्धमा ध्यान दिनुपर्दछ ।

१०. **बिल भरपाई :** आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम ३६ (८) अनुसारकृषकलाई बिभिन्न अनुदान सामाग्री बुझाई खर्च गर्दा बिल भरपाई संलग्न गरी खर्च लेख्नु पर्दछ । कार्यालयलेरु.१,२८,०००।- बराबरको ६४ वटा त्रिपाल ४ सेवा केन्द्रलाई अनुदान दिएकोमासम्बन्धित किसानले बुझेको भरपाई संलग्न छैन ।

## घरेलु तथा साना उद्योग बिकास समिति

१. **ऐन, नियमको पालना :** सार्वजनिक खरिद नियमावलीको नियम ८ बमोजिम बार्षिक रु.१० लाख भन्दा बढीको खरिद गर्नुपर्ने भएमा बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष वार्षिक कार्यक्रम सञ्चालनमा १४ लाख ६५ हजार खर्च गरेकोमा सो कार्यका लागि खरिद कारवाहीको समय तालिका,खरिद विधि एवम सम्झौता लगायतका कुराहरु खुलाई खरिद योजना तयार गरेको छैन ।

यसैगरी खरिद नियमावलीको नियम ११३(१) र (३) अनुसार सेवा प्रदायक संस्थालाई सम्झौता अनुरुप वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत लिई पेश्की दिनुपर्नेमा सो नलिई रु.२,६०,०००।-पेश्की दिएको छ। कार्यालयको आर्थिक कारोबारलाई विश्वसनीय र पारदर्शी बनाउन उक्त विषयमा सुधार गर्नुपर्दछ ।

२. **मूल्य अभिवृद्धि कर बीजक** : मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा १४ तथा नियमावली २०५३ को नियम १७ अनुसार सेवा प्रदायक संस्थाले तोकिएको ढांचाको कर बीजक प्रापकलाई दिनुपर्दछ। एक संयुक्त उपक्रमलाई लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरेको आधारमा रु.२२,९७,९१५।- को मूल्य अभिवृद्धि कर रकम रु.२,१९,००४।५० भुक्तानी गरेको देखिन्छ । कर बीजक क्रमसंख्या प्रिन्टेड नभई हातले लेखेको आधारमा भुक्तानी गरेकोले मूल्य अभिवृद्धि कर वापत भुक्तानी गरेको रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

३. **लागत सहभागिता :** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अर्न्तगत ११० उद्यमीलाई प्रविधि हस्तान्त्रण गर्न रु.११ लाख विनियोजन भएकोमा ६१ जनालाई उक्त रकम खर्च गरेको देखियो । उक्त कार्यक्रमबाट खरिद सामग्री र विगत वर्षको मौज्दात समेतबाट मेशिन औजार सामग्री ८० प्रतिशत छुट (२० प्रतिशत लागत सहभागिता) मा विक्री गरी लघु उद्यम विकास कोषमा रु.३,६७,६७९।४० जम्मा गरेको देखिन्छ । गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७० मा उक्त छुटबारे स्पष्ट उल्लेख भएको पाईएन । समितिको कार्यक्रम सञ्चालन निर्देशिका,२०५८ मा तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई मेशिन औजार तथा उपकरण विक्री गर्दा खरिद मूल्यमा ६० प्रतिशत छुट गरी विक्री गर्ने उल्लेख छ। एउटै कार्यालयबाट सञ्चालन हुने कार्यक्रममा उद्यमीहरुलाई सुविधा प्रदान गर्ने सम्बन्धमा स्पष्ट मापदण्ड बनाई एकरुपता कायम हुनुपर्दछ ।

४. **नवीकरण :** समितिको कार्यबिधि दिग्दर्शन,२०७२ को दफा ७.२ तथा प्राइभेट फर्म रजिष्ट्रेशन नवौ संशोधनले दर्ता भएका उद्योगहरु नियमित रुपमा नवीकरण गरी उद्योग व्यवसाय संचालन गर्नुपर्ने व्यवस्था छ । यस समितिमा हालसम्म १२६० उद्योग दर्ता भएकोमा ४५ प्रतिशत भन्दा बढी उद्योगले दर्ता नवीकरण गरेको पाईएन । धेरै उद्योग नवीकरण भएको नपाईएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

५. **उत्पादन सामग्री :** कार्यालयबाट संचालन हुने कार्यक्रमबाट उत्पादित सामग्रीलाई तोकिए अनुसार लागत मूल्यमा छुट दिई विक्री गर्न सकिने व्यवस्था निर्देशिकामा रहेकोमा यस वर्ष उत्पादित सामग्री मध्ये रु.६९,३९०।- मूल्य बराबरका सामान विक्रि नभई मौज्दात रहेको पाइन्छ। सो सामान उद्यमी तथा अन्यलाई विक्रि गरी उत्पादित सामग्रीको व्यवस्थापन गर्नुपर्दछ ।

६. **रुग्ण उद्योग अनुगमन** : कार्यक्रम संचालन निर्देशिका बमोजिम रुग्ण उद्योगका कामदारका लागि पुनर्ताजगी तालिम संचालन गरी सो उद्योग संचालनमा सहयोग गर्नुपर्ने व्यवस्था छ । रुग्ण रहेका

उद्योगहरुको अनुगमनबाट प्रतिबेदन तयार गरी रुग्ण उद्योगका कामदारका लागि तालिम कार्यक्रम संचालन गर्न प्रयास गर्नुपर्दछ ।

## दुर्गम क्षेत्र बिकास समिति

१. **लक्ष्य प्रगति** : यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :-

१.१ मार्कुखोला ट्रष्स ब्रिज र दाम्खुखोला ट्रष्स ब्रिज गरी २ कार्यक्रममा रु.८ लाख बिनियोजन भएकोमा यो वर्ष ट्रस ब्रिजका स्टिल पार्टस खरिद तथा ढुवानी गरेको देखिएन ।

१.२ उपरोक्त स्वीकृत २ कार्यक्रममा खर्च नगरी केरुङ २ र ३ को ट्रष्ट ब्रिज र टाप्टिङ ३ र ६ को ट्रष्ट ब्रिज २ कार्यक्रममा रकम ट्रान्सफर गरी खर्च गरेको देखिन्छ ।स्वीकृत कार्यक्रममा मात्र खर्च गर्नुपर्दछ ।

१.३ यो वर्ष दुधकुण्ड खोला,बेनी ९ र ७ मा उपभोक्ता समितिबाट झो.पु.निर्माण कार्य गरी कुल मूल्यांकन रु.३६,७०,६४८।३९ मध्ये कार्यालयले यो वर्ष रु.१२,०७,३४६।- खर्च गरेको छ । बांकी ४ झो.पु.हरु क्रमागत रहेको देखिन्छ ।

२. **चौमासिक पूंजीगत खर्च** : स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा कार्यक्रम संचालन गर्नु पर्नेमा तेश्रो चौमासिकमा ७५.४० प्रतिशत र आषाढमा ५६.८० प्रतिशत खर्च भएको पाईयो । आर्थिक वर्षको अन्त्यमा काम गराउंदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुसार समयमै खरिद व्यवस्थापन तथा कार्य संचालन गर्नुपर्दछ ।

३. **स्टील पार्टस खरिद** : यो वर्ष चार खोलाको झोलुङ्गे पुल निर्माण गर्ने सिलसिलामा स्टिल पार्टस फ्रेब्रिकेशन गर्न ४ प्याकेज गरी कुल रु.२८,२२,६४८।०९ लागत अनुमान स्वीकृत गरेको देखिन्छ । सिलबन्दी दरभाउपत्रको माध्यमबाट पेश हुन आएको १ प्रस्तावको कवोल अंक रु.२७,३०,१५७।६४ (मूल्य अभिवृद्धि करबाहेक) स्वीकार गरी २०७३ माघमसान्तसम्म सम्पन्न गर्ने गरी आपूर्तकसंग २०७३।३।५ मा सम्झौता गरी उक्त आूर्तकले २ झोलुंगे पुलको स्टील पार्टसहरु आपूर्ति वापत रु.१४,०९,२०७।- खर्च लेखेको सम्बन्धमा निम्नानुसार देखियो :-

३.१ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११५ बमोजिम कार्यालयले आपूर्ति गरिएका मालसामान स्पेशिफिकेशन र गुणस्तर बमोजिम भएको जांच गरी स्वीकृति तथा जिन्सी आम्दानी बांधी खर्च गर्नुपर्नेमा खरिद गरेका सामान सम्बन्धित आयोजना स्थलमा ढुवानी तथा जडान गरेको पुष्ट्याई हुने प्राबिधिक प्रतिबेदन तथा जिन्सी आम्दानी बेगर सोझै खर्च गरेको सम्बन्धमा छानबिन गरी आवश्यक कारबाही हुनुपर्ने देखिन्छ ।

३.२ मूल्य अभिबृद्धि कर नियमावली,२०५३ नियम ६ (क) अनुसार मूल्य अभिबृद्धि करमा दर्ता भएका बिक्रेतालाई मूल्य अभिवृद्धि कर समेत भुक्तानी गरी सो को जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था छ । कार्यालयले उक्त आपूर्तकलाई मूल्य अभिवृद्धि कर रु.१,६२,१२१।१९ समेत रु.१४,०९,२२७।- भुक्तानी गरेकोमा सम्बन्धित राजस्व कार्यालयलाई जानकारी गराएको नदेखिएकोले रु.१,६२,१२१।१९ को कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

४. **कन्टिजेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमानमा वर्क चार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्चको लागि २.५ प्रतिशत सम्म सामावेश गर्न सकिने व्यवस्था छ । कन्टिजेन्सी खर्च गर्ने निति तय नभएको

अवस्थामा कार्यालयले पूंजीगत खर्च शीर्षकमा सबै योजनाको कार्यक्रम बजेटबाट ५ प्रतिशत हुने गरीरु.३,७७,९२०।- खर्च गरेको देखिन्छ। दुर्गम क्षेत्र बिकास समितिबाट योजना/कार्यक्रम सञ्चालन सम्बन्धि मार्गदर्शन समेतलाई ध्यान दिई कन्टिजेन्सी खर्चलाई तोकिएको सीमा र क्षेत्रमा खर्च गर्नुपर्दछ ।

## नापी कार्यालय

१. **जग्गाको डिजिटाइजेशन** : कार्यालयवाट २०६८ साल सम्मको जग्गाको कित्ता नापी नक्साहरु डिजिटाइजेशन गरी जि.इ.ओ. डाटावेश तयार गरे पनि त्यस पछि खरिद विक्री अंशवण्डावाट हस्तान्तरण गर्दा हातले लेखेर कित्ता काट गर्ने गरेको पाइयो । विभागीय नीति अनुसार भू-सूचना तथा अभिलेख सफ्टवेयरमा प्रविष्ट गरी कार्यान्वयनमा जान ध्यान दिनुपर्दछ।

## जिल्ला निर्बाचन कार्यालय

१. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ५०(३) बमोजिम जिन्सी निरीक्षण प्रतिबेदनमा उल्लेख भएका सामानहरुका सम्बन्धमा प्रयोगमा नआउने सामान लिलाम गर्नुपर्ने भनी उल्लेख भएकोमा कार्यालयले लिलाम बिक्री गरेको देखिएन। लिलाम गर्नुपर्ने सामान समयमानै लिलाम बिक्री नगर्दा प्रयोगहीन अबस्थामा फ्याकिने, हराउँने ,नोक्सानी हुदै जाने भएकाले लिलाम बिक्री हुनुपर्ने देखिन्छ।

२. **नर्म्स:–** अर्थ मन्त्रालयले जारी गरेको निर्देशिका अनुसार तालीम, अर्न्तक्रिया कार्यक्रम आदिमा प्रति व्यक्ति प्रति दिन खाजा खर्च वापत रु.१५०।-खर्च लेख्न सकिने व्यवस्था छ । कार्यालयले सरोकारवालाहरुसंग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी सहभागी ६० जनालाई खाजा खर्च लेखेकोमानर्म्सभन्दा रु.५०।- बढी खर्च लेखेको रु.३,०००।– असुल गर्नु पर्दछ।

## पर्यटन कार्यालय

१. **अनुगमन** : कार्यालयले साडाथेङछोङ देक्षेनलिङ्ग गुम्वा संरक्षण तथा व्यवस्थापन समितिलाई रु २ लाख उपलव्ध गराएकोमा सो रकमवाट भए गरेको कामको प्रगति विवरण लिई अनुदान रकमको उपयोगिता सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

३. **भवन निर्माण** : कार्यालयले पर्यटन भवन निर्माण गर्न ०७०/७१ मा वोलपत्रको माध्यमवाट कवोल अंक रु.२,९८,७५,२१५।५५ मा १८ महिना भित्र कार्य सम्पन्न गर्ने गरी एक निर्माण वयवसायीसंग २०७१/३/३१ मासम्झौता गरेको देखिन्छ। यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन :-

३.१ निर्माणाधीन भवन रहेको जग्गा कार्यालयको आफ्नो स्वामित्वमा रहेको जनाए तापनि जग्गा धनी प्रमाण पुर्जा प्राप्त गरेको नदेखिएकोले सो प्राप्त गरी सरकारी सम्पत्तिको संरक्षण र व्यवस्थापन गर्नुपर्दछ ।

३.२ मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार मूल्य अभिवृद्धिकरमा दर्ता भएका विक्रेतालाई मूल्य अभिवृद्धि कर समेत भुक्तानी गरी सो को को जानकारी सम्वन्धित आन्तरिक राजश्व कार्यालयलाई दिनु पर्दछ। कार्यालयले विभिन्न आपुर्तिकर्ता, निर्माण व्यवसायीलाई भुक्तानी गरेकोमा सो को जानकारी दिएको नदेखिएकोले रु.२४,६६,३६६।८० को कर समायोजन प्रमाण पेश हुनुपर्दछ ।

४. **पर्यटन गुरुयोजना** : कार्यालयले पर्यटन गुरुयोजना वनाएको पाइएन। जसले गर्दा आगामी दिनमा के कसरी पर्यटन केन्द्र तथा क्षेत्रसंग सम्वन्धित कार्य प्रवर्द्धन गर्ने भन्ने दृष्टि तयार भएको पाइएन

यसर्थ कार्यालयको स्थापित उद्धेश्य तथा नियमानुसार पर्यटन गुरुयोजना तयार गरी पर्यटकीय प्रवर्द्धनमा प्रभावकारीता अभिवृद्धि गर्नुपर्दछ ।

५. **नवीकरण:** पर्यटन ऐन,२०५३ को दफा ३ र १२ अनुसार होटल, लज रेष्टुराँ तथा रिसोर्ट वार एवं ट्राभल एण्ड ट्रेकीङ एजेन्सी दर्ता तथा नवीकरण गरी सञ्चालन भएको हुनु पर्ने र सो को अनुगमन भएको हुनुपर्दछ । यस सम्वन्धमा ती संस्थाहरु कार्यालयमा दर्ता भई नसकेको जानकारी पाईयो । कार्यालय स्थापना भएको ४ वर्ष व्यतित हुँदासम्म संस्था दर्ता भएको नपाइएकोले प्रचलित नियमानुसार सम्वद्ध संस्था दर्ता तथा नविकरण गरी सेवा सञ्चालमा प्रभावकारीता ल्याउनुपर्दछ ।

६. **खर्च संरचना :** स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा कार्यक्रम संचालन गर्नु पर्नेमा कार्यालयले २ बजेट उपशीर्षमा तेश्रो चौमासिकमा ७८.९१ प्रतिशत खर्च गरेको पाईयो । यसरी वर्षान्तमा काम गराउंदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुसार समयमै खरिद व्यवस्थापन तथा कार्य संचालन गर्नु पर्दछ ।

७. **कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमाबली, २०६४ को नियम १० (७) बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा सो अन्तर्गत अनूसुची–१ को ढांचामा तयार गर्नुपर्ने, कन्टिजेन्सि मध्ये २.५ प्रतिशत का दरले क्रमश: वर्क चार्ज स्टाफ खर्च र सानातिना अन्य खर्च थप गर्न सकिने लगायतको व्यवस्था उल्लेख छ । कन्टेन्जेन्सी खर्च गर्ने स्पष्ट नीति तय नभएको अवस्थामा कार्यालयले पुंजीगत खर्च तथा कोषबाट दैनिक भ्रमणखर्च, कार्यालय सम्वन्धी सामान खरिद आदिमा रु.१२,४०,४७०।-कन्टिजेन्सी खर्च लेखेको छ । कन्टेन्जेन्सीवाट खर्च गर्ने उपरोक्त व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्ने देखिन्छ ।

८. **कोष :** नेपाल पर्यटन बोर्डबाट ४ गुम्बालाइ रु.१३ लाखका दरले र ६ गुम्बालाई रु.१० लाखको दरले रु.१ करोड १२ लाखको अख्तियारी दिए अनुसार १० उपभोक्ता समितिबाटमर्मत तथा संभार गराएको छ । पर्यटन पूर्वाधार बिकास निर्माण सम्बन्धी कार्य गराउने कार्यबिधि,२०७१ मा भएको व्यवस्था अनुसार सरोकारवाला बासिन्दाबाट उपभोक्ता समिति गठन भई सकेपछि गुम्बा निर्माण कार्य उक्त समितिबाट कार्य गराउनको लागि प्रस्ताव माग गर्नुपर्ने र उपभोक्ता समितिबाट पनि गुम्बा मर्मतको लागि आशयको प्रस्ताव पेश गर्नु पर्नेमा सो अनुसार गरेको छैन । यस्तै उपभोक्ता समितिले हरेक कामको प्राबिधिक मूल्यांकन, बिल भरपाई र खर्च समितिको बैठकबाट अनुमोदन नगराई कार्यालयमा पेश गरेको र केही उपभोक्ताहरुले खर्चलाई पुष्ट्याई गर्ने बिल भरपाई कार्यालयमा पेश गरेको छैन । कार्यबिधिमा भएको प्राबधानको पालना हुनुपर्दछ ।

साथै खुम्जुङ्ग गुम्बा जिर्णोद्धार उपभोक्ता समिति खुम्जुङ्ग–३,संग सम्झौता गरी मर्मत कार्य गराएकोमा लागत अनुमान तथा प्राविधिक प्रतिबेदन अनुसार कार्यालयले व्यहोर्ने रकम रु. ९,५२,७३२।४४ भुक्तानी गर्नुपर्नेमा रु.१२,३५,०००।- भुक्तानी भएकोले वढी भुक्तानी भएको रु. २,८२,२६७।५६ असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

## जिल्ला प्रहरी कार्यालय

१. **प्रगति प्रतिबेदन :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम २० तथा २५ मा अनुसुची-२ को ढाँचामा चौमासिक तथा बार्षिक प्रगति प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले पूंजीगत तथा शान्तिकोषमा गरी रु.४८,७७,०३६।- खर्च गरेकोमाकार्यक्रमगत प्रगति प्रतिबेदन तयार गरेको पाईएन ।

२. **खर्च संरचना :** स्वीकृत वार्षिक कार्यक्रम वमोजिम तोकिएको चौमासिकमा कार्यक्रम संचालन गर्नु पर्नेमा कार्यालयले पूंजीगतमा तेश्रो चौमासिकको आषाढ महिनामा ८६.९२ प्रतिशत खर्च गरेको पाईयो । आर्थिक वर्षको अन्त्यमाबजेट खर्च गरी हतारमा काम गराउंदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुसार समयमै खरिद व्यवस्थापन कार्य गर्नुपर्दछ ।

३. **स्वीकृत दरबन्दी :** प्रहरी नियमावली, २०७१ को नियम ५२ अनुसार प्रहरी प्रधान कार्यालयले विशेष परिस्थितिमा काज खटाउने प्रयोजनका लागि काज सम्बन्धी छुट्टै मापदण्ड बनाई काजलाई व्यवस्थित गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार कार्यालय तथा मातहतका विभिन्न इकाईमा दरवन्दी संख्या २२७ रहेकोमा कार्यरत जनशक्ति यो वर्ष आषाढ महिनामा २१२ रहेको देखिन्छ ।सोको अतिरिक्त कार्यालयमा अन्य कार्यालयबाट विभिन्न महिनामा ४२ देखि ६४ जना काजमा आएको तथा यस कार्यालयबाट मासिक ३८ देखि ६८ सम्म कर्मचारीहरु काजमा गएको देखिन्छ । संगठनको दरबन्दी पुनराबलोकन गरी मापदण्ड अनुसार कर्मचारी काजमा खटाउने व्यवस्था गर्नु पर्दछ ।

४. **भवन निर्माण :** जिल्ला प्रहरी कार्यालयको कार्यालय,आवास,व्यारेक,मेश र शौचालय निर्माण गर्न रु.३,५४,७०,९४०।–को न्यूनतम प्रस्ताव पेश गर्ने एक निर्माण व्यवसायीसंग कार्यादेश पाएको मितिले २७० दिनभित्र काम सम्पन्न गर्ने गरी २०६९।२।११ मा सम्झौता गरेको देखिन्छ । यस सम्बन्धी व्यहोरा निम्न छन :-

४.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० र १२१ ले तोके बमोजिम प्रक्रिया पूरा गरेर मात्र म्याद थप गर्नुपर्नेमा शान्ति कोष सचिवालयबाट भएको आयोजनाको म्याद थपलाई नै जिल्ला प्रहरी कार्यालयले खरीद सम्झौताको म्याद थप भएको मानी भुक्तानी दिने गरेको प्रक्रियामा सुधार हुनुपर्दछ । पछिल्लो पटक २०७३ आषाढ मसान्त सम्म म्याद थप भएकोमा लेखापरीक्षण अवधि (२०७३ कार्तिक चौथों हप्ता) सम्म निर्माण कार्य पूरा भएको छैन । उक्त कार्यमा हालसम्म रु.५६,७७,२४७।८६ भुक्तानी गरेको देखिन्छ । कानूनी प्रक्रिया पूरा गरी सम्झौता बमोजिमको कार्य सम्पादन गराउनु पर्दछ ।

४.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा कार्यसम्पादन जमानतको मान्य अवधि खरीद सम्झौतामा उल्लिखित निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि भन्दा कम्तिमा एक महिना बढि अवधिको हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयको भवन निर्माण कार्यको सम्पादन जमानत रु.१७,७३,६००।- कृषि बिकास बैंक लि.,शाखा कार्यालय गाईघाटबाट जारी म्याद २०७३।१०।२९सम्म थप गरेको देखिन्छ । ठेक्काको म्याद थप तथा मर्मत संभार अवधि खाम्ने गरी नियमको व्यवस्था बमोजिम जमानतको म्याद कायम गर्नुपर्दछ ।

## जिल्ला प्राबिधिक कार्यालय

१. **खर्च संरचना :** आर्थिक कार्यविधि नियमावली, २०६४ तथा खर्च गर्ने अख्तियारीको निर्देशन वमोजिम तोकिएको चौमासिकमा कार्यक्रम सञ्चालन गरी खर्च गर्नुपर्दछ । कार्यालयले पूंजीगतमा तेश्रो चौमासिकमा ८२ प्रतिशत र आषाढमा ३६.८६ प्रतिशत खर्च गरेको पाईयो । आर्थिक वर्षको अन्त्यमा काम गराउंदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुसार समयमै खरिद व्यवस्थापन तथा कार्य संचालन गर्नु पर्दछ ।

२. **भवन निर्माण :** जिल्ला बिकास समिति/जिल्ला प्राबिधिक कार्यालयको भवन निर्माण गर्न २०६९।०७० मा बोलपत्रको माध्यमबाट रु.३,८२,८८,१३५।– (मूल्य अभिवृद्धि कर तथा प्रोभिजनल

सम समेत) को लागतमा २०७१ असौज २५ गतेभित्र निर्माण सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसंग २०७०।३।२८ मा सम्झौता गरेको देखियो । यस ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन :

२.१ निर्माणस्थल समयमा उपलब्ध नभएको,भूकम्प,तराई आन्दोलन लगायतका समस्या दर्शाई निर्माण व्यवसायीले दिएको निबेदन अनुसार जिल्ला विकास समिति र कार्यालयको सिफारिसमा स्थानीय पूर्वाधार बिकास तथा कृषि सडक विभागका महानिर्देशकबाट ३ पटक गरी २०७३।६।३० सम्म म्याद थप गरेको छ ।

२.२ कार्यालयले दिएको पेश्की रकम खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ बिलबाट कट्टा गर्नुपर्दछ ।उक्त निर्माण व्यवसायीलाई यो वर्ष सम्म रु.१,४२,१७,९६३।– भुक्तानी गरेकोमा सम्झौताअनुसार कार्यसंचालन पेश्की नकटाई भुक्तानी गरेको देखियो ।

२.३ मूल्य अभिबृद्धि नियमावली,२०५३ को नियम १७ अनुसार मूल्य अभिबृद्धि करमा दर्ता भएको संस्थाले बीजक जारी गर्दा बिल नं. क्रमसंख्या प्रिन्टेड भएको हुनुपर्ने र नियम ६ (क) अनुसार कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्नेमा निर्माण व्यवसायीले २०७३।१।१० मा जारी गरेको बीजकमा क्रमसंख्या उल्लेख नगरेको र भुक्तानीको जानकारी आन्तरिक राजस्व कार्यालयलाई दिएको समेत नदेखिएकोले रु.४,३३,६४८।८६ मूल्य अभिवृद्धि कर रकम सम्बन्धित राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

२.४ शुरु सम्झौता अवधिमा २ वर्ष थप गर्दा समेत लेखापरीक्षण समय २०७३ मंसिर दोश्रो हप्ता सम्ममा सिभिल स्ट्रक्चरतर्फ २ तला ढलान तथा माथिको तलाको लागि पिलर उठाउने कार्य गरी फर्माको कार्य मात्र शुरु गरेको पाईयो । सम्झौताको कार्यतालिकाअनुसार निर्माण व्यवसायीबाट कार्य सम्पादन नभएकोमा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार आवश्यक कारवाही गरी सम्झौता अनुसारको निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

३. **कन्टिजेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमानमा वर्क चार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्चको लागि २.५ प्रतिशत सम्म सामावेश गर्न सकिने व्यवस्था छ । कन्टेन्जेन्सी खर्च गर्ने स्पष्ट नीति तय नभएको अवस्थामा कार्यालयले दैनिक भ्रमण भत्ताखर्च, कार्यालय सम्वन्धी सामान खरिद आदिमा रु. २,८६,००३।- खर्च लेखेको छ । कन्टेन्जेन्सीवाट खर्च गर्ने उपरोक्त व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्ने देखिएको छ ।

## जिल्ला वन कार्यालय

१. **भवन निर्माण** : नेले ईलाका भवन निर्माण गर्न रु.४२,४५,६१०।२४ लागत अनुमानको आधारमा न्यूनतम कबोल अङक रु.४२,४०,६३४।८० स्वीकृत गरी २०७३/३/१५ सम्ममा निर्माण कार्य सम्पन्न गर्ने एक निर्माण व्यवसायीसँग २०७२/९/२३ मा संझौता गरेको देखिन्छ । यसमा निर्माण सेवालाई रु.४७,००,६६८।४७ खर्च लेखी भुक्तानी गरेको छ ।

सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ११३(३) अनुसार निर्माण व्यवसायीलाई खरिद संझौता वमोजिम पेश्की दिंदा वाणिज्य वैकवाट जारी भएको वैक जमानत लिई पेश्की दिनुपर्ने, सोही नियमको उपनियम (५) वमोजिम उक्त पेश्की प्रत्येक रनिङ्ग विलवाट कट्टा गर्नपर्ने व्यवस्था छ । कार्यालयले उक्त निर्माण सेवालाई रु. ६,३६,०००।- पेश्की दिएकोमा वैक ग्यारेन्टी नलिएको तथा प्रथम तथा दोस्रो रनिङ विलवाट भुक्तानी दिँदा पेश्की नकटाई अन्तिम भुक्तानीमा

मात्र फछ्र्यौट गरेको देखियो । निर्माण सेवालाई पेश्की गएको अवधि (२०७२/१०/११ देखि २०७३/३/२७ सम्म १६९ दिन) को नियमानुसार १० प्रतिशत व्याज रु.२९,४७८।-असुल हुनुपर्दछ ।

२. **विमा** : सार्वजानीक खरिद नियमावली, २०६४ को नियम ११२ तथा खरिद संझौता अनुसार संझौता मितिदेखि त्रुटि सच्याउने अवधिसम्मको लागि निर्माण कार्य, औजार उपकरण र निर्माण कार्यमा संलग्न जनशक्तिको वीमा गर्नुपर्ने उल्लेख छ । उक्तानुसार बीमा गरेको पाईएन ।

३. **वन सम्वर्द्धन** : एक कर्मचारीलाई दिएको पेश्की रु.४०,०००।-भूकम्प प्रभावित क्षेत्रमा २०० गोटा वाँस रोपेको बिल भरपाइको आधारमा फछ्येर्यौट गरेको देखिन्छ । वन विभागको स्वीकृत नर्म्स को दफा २० अनुसार ०.६ हेक्टर झाडी सफा गर्न तथा ०.५ हेक्टर खाडल खन्ने कार्य गर्न १६ दिन लाग्ने लागत अनुमान गरेकोमा१९ श्रम दिन लगाएकोले वढी ३ दिनकोरु.१,५००।- असुल हुनुपर्दछ।

४. **ढुवानी** : वाँसको विरुवा ढुवानी गर्दा जिल्ला दर रेट र दुरीको आधारमा दर विश्लेषण सहित लागत अनुमान गरी प्रतिष्पर्धात्मक तवरले नगरी आपूर्तकको विजकको आधारमा ढुवानी गरेकोले खर्च प्रक्रिया मितव्ययी देखिएन । साथै आयकर ऐन, २०५८ को दफा १८ अनुसार भाडा भुक्तानीमा अग्रिम कर रु.३२५०।- असुल गरी दाखिला गर्नुपर्दछ ।

५. सामुदायिक वन उपभोक्ता समूहसँग गरेको संझौताको वुँदा ७ अनुसार कार्यालयले विरुवा उत्पादन कार्यको जाँचपास गरी सिफारिस गरे अनुसार भुक्तानी दिने उल्लेख भएकोमा राम्देल र डाँडाखेत छतीवन दुई सा.व.उ.स को भुक्तानी गर्दा सो सिफारिस वेगर भुक्तानी भएको छ । संझौता अनुसार रु.६०,०००।- खर्च गरेकोमा कार्य सम्पन्न भएको पुष्ट्याँइ हुने जाँचपास प्रतिवेदन पेश हुनुपर्दछ ।

६. **खर्च संरचना** : आर्थिक कार्यबिधि नियमावली,२०६४ बमोजिम चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेमा प्राप्त बिबरण अनुसार कार्यालयको पूंजीगत तथा कार्यक्रमगत बजेट शीर्षकमा तेस्रो चौमासिकमा ६९.४१ प्रतिशतखर्च  भएको छ भने आषाढ महिनामा ४१.८० प्रतिशतखर्च भएको छ । तेस्रो चौमासिक र आषाढ महिनामा विनियोजित रकमको ठूलो अंश खर्च हुंदा अनुगमनका कारणले योजनाको गुणस्तरमा प्रभाव पर्ने भएकोले समयमै कार्य संचालन गर्नुपर्दछ ।

७. **आयकर** : आयकर ऐन, २०५८ को दफा ८७ अनुसार रोजगार प्राप्त व्यक्तिको मासिक पारिश्रमिकमा प्रत्येक बर्ष आर्थिक ऐनले तोकेको सीमाभन्दा बढी पारिश्रमिक भएमा तोकिए अनुसार पारिश्रमिक कर लाग्ने व्यवस्था छ । यो वर्ष एक अधिकृत कर्मचारीबाट पारिश्रमिक कर कट्टी गरेको नपाइएको हुँदा रु.९२०६।– असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

८. **राशन** : बन विभागको २०७२/६/१५ को परिपत्र अनुसार कार्यालयले जिल्ला बन अधिकृत बाहेक सबै कर्मचारीलाई २०७२ माघ देखि रासन खर्च उपलब्ध गराएको छ । कार्यालयले माघ देखि बैशाखसम्म ३ जना र जेष्ठ,असारमा ४ जना करारका कर्मचारीलाई समेत रासन खर्च लेखेको पाईयो । करारका कर्मचारीको ६ महिनामा ६१८ दिनको रासन खर्च रु.१,११,२४०।– नियमसम्मत देखिएन ।

२०७२ श्रावण र भाद्रमा कर्मचारीको रासनआपूर्ति गरे वापत एक राशन आपुर्तकलाई रु. ५,०३,४४१।४४ भुक्तानी दिएको छ । सो अवधिमा ५ जना अनुपस्थित भै तलब खर्च नभएको हुँदा ५ जनाको बढी भुक्तानी हुन गएको महिनाको रु.५८,६२१।५० असुल गर्नुपर्दछ ।

९. **राजस्व** : आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम १० बमोजिम राजश्व आर्जन गर्ने कार्यालयले राजस्वको स्रेस्ता म.ले.प.ले तोकिदिएको ढांचामा राखी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था

छ। कार्यालयमा सञ्चित कोष दाखिला हुने राजस्व आम्दानीको कारोबार र लेखा सो अनुसार रसिद नियन्त्रण खाता,म.ले.प.फा.नं.१०८ र १०९ को ढांचामा राखेको नपाईएकोले तोकिएको ढांचामा स्रेस्ता खडा गरी राख्नु पर्दछ ।

१०. **जरिवाना असुल** : वन नियमावली,२०५१ को अनूसुची २० बमोजिम दोभान हाईड्रो प्रा.ली. जुनबेसीसंग गरी बढीमा ३४ वर्षसम्म भोगाधिकार र बार्षिक रु.२,०६०।- बुझाउने गरी २०७२।२।२५ मा सम्झौता गरेको पाईयो । सम्झौता अनुसार आर्थिक वर्ष शुरु भएको २ महिनाभित्र बुझाउनुपर्ने र ढिलो गरी बुझाएमा पौषमसान्तसम्म १० प्रतिशत,चैत्रमसान्तसम्म ५० प्रतिशत र त्यस भन्दा बांकी अवधिको लागि शतप्रतिशत सम्झौता रकमले हुने जरिवाना लिनुपर्ने व्यवस्था रहेकोमा उक्त हाईड्रोले २०७२।०७३ को राजस्व २०७३।६।६ मा १० प्रतिशत जरीवाना सहित रु. २,२६६।- बुझाएकोले शतप्रतिशतले हुने रु.२,०६०।- मा नपुग जरिवाना रु.१,८५४।- असुल गर्नुपर्दछ ।

मूल्य अभिबृद्धि कर वापत काटिएका आम्दानी रसिद नं.१ देखि १५० बाट संकलन भएको रकम मध्ये रु.१,०२,५०८।२० सञ्चित कोष दाखिला गर्न बांकी देखियो । उक्त रकम सम्बन्धितबाट व्याज सहित असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

## बराह दल गुल्म नाम्चे

१. **सार्वजनिक निर्माण** : बायोग्यास प्लान्ट जडान कार्यक्रमतर्फ १ (एक) बायोग्यास प्लान्ट जडान गर्न वर्षान्तमा रु.५०,०००।०० उपलब्ध गराएकोमा निर्माण सामाग्री खरिद गरी खर्च गरेको देखिन्छ । आंशिक रकमबाट कार्यक्रमको उद्देश्य पुरा नभएको सम्बन्धमा औंल्याईदा चालु वर्ष निकासा लिई सम्पन्न गर्ने भनाई रहयो । कार्यक्रमको उद्देश्य अनुरुप कार्यक्रम सम्पन्न गरी ईन्धन खर्चमा मितव्ययीता ल्याउनुपर्ने देखिन्छ ।

२. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ५०(३) जिन्सी निरीक्षण प्रतिबेदन अनुसार केरोसिन जेनेरेटर १ थान,खाट १० थान,काठको दराज ३ थान लगायतका मासामानहरुका बेसाबुत भनी जिन्सी प्रतिबेदनमा उल्लेख गरेको हुंदा प्रयोगमा नआउने सामान लिलाम गर्नुपर्ने भनी उल्लेख भएकोमा कार्यालयले लिलाम बिक्री गरेको नदेखिदा समयमानै लिलाम बिक्री गरी जिन्सी अध्याबधिक गर्नुपर्ने देखिन्छ

## मालपोत कार्यालय

१. **बढी खर्च** : संचार महसुल वापत रु.१२,८०६।- खर्च लेखेमा रु.९,९४९।- को मात्र बिल भर्पाइ संलग्न भएकोले नपुग रकम रु.२,८५७।- असूल हुनुपर्दछ ।

२. तत्कालीन कार्यालय प्रमुखले २०७२।५।१९ देखि २५ गतेसम्म काठमाडौं भ्रमण गर्दा पेश गरेको भ्रमण विलबाट वढी भुक्तानी लिएको रु. ६,१५०।- असुल हुनुपर्दछ ।

३. **रजिष्ट्रेशन दस्तुर** : यस कार्यालयले संकलन गरेको रजिष्ट्रेशन दस्तुर मध्ये स्थानीय निकायबाट प्राप्त भएको ६ लाख रुपैयां भन्दा माथिको रकम भूमिसुधार तथा व्यवस्थापन विभागमा पठाउने व्यवस्था छ । कार्यालयको कार्य सञ्चालन कोष (ख–६) तर्फको आर्थिक विवरण अनुसार यो वर्ष स्थानिय निकायबाट प्राप्त आय रु.७,५३,९७३।१४ रहेकोमा कार्यालयले ६ लाखभन्दा बढी रु.१,५३,९७३।१४ बिभागमा पठाउनुपर्नेमा रु.१,८९,७२४।१४ पठाएको देखिन्छ । तोकिएको सीमाभन्दा बढी पठाएको रु.३५,७५१।-का सम्बन्धमा यकिन गर्नुपर्दछ ।

४. **मूल्यांकन** : जिल्लाको २०७२।०७३ को लागि घर जग्गाको न्यूनतम मूल्यांकन २०७२।३।२२ गते प्रमुख जिल्ला अभिकारीको अध्यक्षतामा बसेको मूल्यांकन निर्धारण समितिले गरेको देखिन्छ । न्यूनतम मूल्य र कारोबार मूल्य नमूनाको छनौटको आधारमा परीक्षण गर्दा कित्ता नं. उल्लेख नगरी प्रति वर्ग मि.३० देखि ४० मूल्य निर्धारण गरेको कित्ताको कारोबार रकम अधिक रहेको देखिएको छ । सडकले छोएका र आसपासका क्षेत्रका जग्गाको बजार मूल्य र कारोबार मूल्य समेतलाई ध्यान दिई न्यूनतम मूल्यांकन दरलाई यथार्थपरक बनाउनुपर्दछ ।

## याक विकास फार्म, स्याङ्बोचे

१. **कार्यक्रम शंसोधन** : वार्षिक कार्यक्रम अनुसार ग्लास हाउस निर्माण गर्न रु. ३,५०,०००।- विनियोजन भएकोमा उक्त निर्माणको सट्टा पशु सेवा विभागको २०७२/८/६ को निर्णयले वाछा वाछीको गोठ निर्माण गर्ने कार्यक्रम स्वीकृत गरी रु.३,३२,४७६।३६ खर्च गरेको देखिन्छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ अनुसार कार्यक्रम संशोधनको स्पष्ट कारण खोली तालुक मन्त्रालयको स्वीकृति लिएको नदेखिदा सो अनुरुप कार्यक्रम संशोधन गरी कार्यक्रम सञ्चालन गर्न ध्यान दिनु पर्ने देखियो ।

२. **भवन निर्माण** : वार्षिक कार्यक्रम अनुसार २ कोठे कार्यालय भवन निर्माण गर्न रु. २४,०१,१३६।८५ लागत अनुमानको आधारमा न्यूनत्तम कवोल अङ्क रु. २४,००,७९३।४३ स्वीकार गरी २०७३/३/१५ सम्ममा कार्य सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसंग २०७२/११/२ मा संझौता गरेको देखिन्छ ।

निर्माण व्यवसायीले पेश गरेको विल अनुसार रु. २,३९,८६८।३१ भुक्तानी गरेको देखिन्छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (४) अनुसार निर्माण सेवालाई भुक्तानी गर्दा भुक्तानी रकमको ५ प्रतिशतले हुने रु. १,०६,१४४।६५ धरौटी कट्टा गरी भुक्तानी गर्नु पर्नेमा सो गरेको देखिएन । नियमको पालना गरी रु.१,०६,१४४।६५ कट्टा गर्नु पर्दछ ।

३. **कन्टीजेन्सी खर्च** : सार्वजनिक खरिद नियमाबली, २०६४ को नियम १० (७) बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा सो अन्तर्गत अनूसुची–१ को ढांचामा तयार गर्नुपर्ने, ५ प्रतिशत कन्टिजेन्सि मध्ये २.५ प्रतिशत का दरले क्रमश: वर्क चार्ज स्टाफ खर्च र सानातिना अन्य खर्च थप गर्न सकिने लगायतको व्यवस्था उल्लेख छ । यस भवन निर्माणको बजेटबाट रु.१,१५,८००।- कार्यालय सामान खरिद र दैनिक भ्रमण भत्तामा खर्च गरेको देखियो ।

४. **याक** : कार्यालयवाट उपलव्ध विवरण अनुसार २०७३ आषाढमा खसी याक १, विउ याक २५ नाक ११५ समेत १४१ संख्यामा रहेको देखिन्छ । मौज्दात याक मध्ये यो वार्ष १ खोलामा वगेर मृत्यु भएको र ३ हिम चितुवाले खाएको जानकारी प्राप्त भएको छ । मौज्दात याक नाकको लक्षित उद्धेश्य अनुरुप संरक्षण गर्न ध्यान दिनु पर्ने देखिन्छ ।

५. **उत्पादन सामग्री** : कार्यालयले उत्पादन सामग्री तर्फ विभागीय नर्म्सअनुसार दाना प्रति जनावर ३ के.जी.,घाँस सानोलाई ५ के.जी. र ठूलोलाई ७ के.जि तोकेको पाइन्छ । उपर्युक्त तथ्याङक अनुसार विश्लेषण गर्दा आलु र औषधी वाहेक कूल उत्पादन खर्च रु. ६१,०८,४०।-लागेको देखिन्छ । वर्षभरि औषत १४० वस्तु फर्ममा रहेकोमा ४५६०० केजी घाँस र आलु खर्च भएको देखिन्छ । स्थानीय खरिद विल भर्पाइहरु सादा बिलमा भएको र खरिद मूल्य पुष्टि हुने आधार राखेको पाईदैन । विभागीय नर्म्स पनि उक्त स्थानको लागि तोकेको नपाईदा सो को लागि विभागीय नर्म्स वा जिल्ला दररेटमा समावेश गरी यकीन गर्नुपर्ने देखिन्छ

## सगरमाथा राष्ट्रिय निकुञ्ज

१. **भवन निर्माण** : पूजिँगत खर्च शीर्षकतर्फ ३ भवन निर्माण गर्न रु १ करोड ८ लाख विनियोजन भएकोमा वोलपत्रका माध्यमबाट एक निमार्ण सेवाबाट उक्त निर्माण कार्य सम्पन्न गरेको देखिन्छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ तथा १२५ अनुसार खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएपछि अन्तिम विलको भुक्तानी गर्दा कार्य मूल्याङ्कनको ठेक्का विल तथा कार्य स्वीकार प्रतिवेदन तयार गर्दा अगाडिको रनिङ विलको समेत समावेश गरी एकिकृत रुपमा मूल्याङ्कन गर्नु पर्नेमा फरक/फरक रनिङ विलको छुट्टाछुट्टै कार्य परिमाण समावेश गरेको देखिन्छ । नियमानुसार सम्पन्न निर्माण कार्यको एज विल्ट नक्सा सहित प्राविधिक प्रतिवेदन तयार गर्नुपर्दछ।

२. **पेश्की फछ्र्यौट** : कार्यालयले एउटै प्रकृतिको कार्यमा ३ कर्मचारीलाई रु.२,३०,०००।- पेश्की दिई ढिलो गरी फर्छयौट गरेको पाइयो । आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम ७९ र ८४ बमोजिम कारवाही गरी समयमै पेश्की फछ्र्यौट गर्नुपर्ने तथा सरकारी खर्च गर्दा मितव्ययी तवरले समयमै दोहोरो नपर्ने गरी सम्पादन गर्न समेत ध्यान दिनुपर्ने देखिन्छ ।

३. **आषाढको खर्च** : आर्थिक कार्यबिधि नियमावली,२०६४ बमोजिम चौमासिक रुपमा वार्षिक कायंक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । कार्यालयबाटप्राप्त विवरणअनुसार पूँजीगतमा तेस्रो चौमासिक ९१.४८ प्रतिशत र आषाढ महिनामा २२.१९ प्रतिशत खर्च भएको पाईयो । यसरी वर्षान्तमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुसार सन्तुलित रुपमा कार्यसञ्चालन गर्नुपर्दछ ।

४. **पारिश्रमिक कर** : आयकर ऐन, २०५८ तथा आर्थिक ऐन, २०७३ ले रु ३ लाख भन्दा वढी वार्षिक आय भएमा (पारिश्रमिक छुट समेत) १५ प्रतिशत कर कट्टी गर्नु पर्ने र ४ लाखभन्दा वढी भएमा २५ प्रतिशत कर लाग्ने व्यवस्था छ । कार्यालयका दुई अधिकृत कर्मचारीको पारिश्रमिक आयमा निर्धारित दरमा नपुग कर रु.६,०११।- असुल गरी सञ्चितकोष दाखिला हुनुपर्दछ ।

५. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ बमोजिम रु.५ लाखसम्म लागत अनुमान भएको निर्माण कार्यसोझै गर्न सक्ने व्यवस्था गरेको छ । यसरी निर्माण कार्य गराउंदा एउटै निर्माण व्यवसायीबाट १ पटक भन्दा बढी पटक सिधैं निर्माण कार्य गराउन नसकिने व्यवस्था भएकोमा कार्यालयले बिभिन्न पोष्ट तथा भवन निर्माण गर्न लागत अनुमान तयार गरी सोही नियमावली बमोजिम प्रतिस्पर्धात्मक तबरले बोलपत्रको माध्यमबाट निर्माण कार्य गराउनुपर्नेमा निर्माण व्यवसायीबाट सोझै दरदेट लिई एक निर्माण व्यवसायीबाट एक भन्दा बढी पटक निर्माण कार्य गराई रु.५,९०,४०२।६८ को खर्च गरेको छ ।

६. **कार्यक्रम संशोधन** : कार्यालय भवन मर्मतमा बिनियोजित बजेट रु.४,००,०००।- रहेकोमा कार्यालयले २ पटक गरी रु.७,०७,४९०।७५ खर्च गरेको देखिंदा कार्यक्रम संशोधन नगरी पोष्ट मर्मतको रकमबाट भवन मर्मतमा बढी खर्च गरेको रु.३,९९,९४५।४२ नियमसम्मत देखिएन ।

७. **बढी भुक्तानी** : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ को उपनियम (३) मा कार्यालयले खर्च लेख्दा खर्चका बिल भरपाई संलग्न गरी खर्च लेखीनुपर्ने व्यवस्था छ । एक अधिकृत कर्मचारीले २०७३।२।२ मा युवावर्ष नि.मा.बि.मन्जोमामा विद्यालय सचेतनामूलक कार्यक्रम अर्न्तगत निबन्ध कार्यक्रम संचालन गरी रु.३०,०००।- पेश्की फछ्र्यौट गरेको पाईयो । उक्त कार्यक्रममा ३१ जना सहभागीको बिल भरपाई मात्र संलग्न रहेको छ । नर्म्स भन्दा बढी खर्च भएको र नपुग बिल बापत बढी भुक्तानी गरेको रु.९,२००।- सम्बन्धितबाट असुल गरी दाखिला हुनुपर्दछ ।

८. **बढी भुक्तानी :** अर्थ मन्त्रालयबाट जारी भएको नर्म्स अनुसार स्टेशनरीमा प्रति सहभागी रु.१००।- खर्च गर्नुपर्नेमा एक कर्मचारीले महेन्द्रज्योति उच्च माध्यमिक विद्यालयमा बक्तृत्वकला कार्यक्रम संचालन गरी रु.३०,०००।- पेश्की फछ्र्यौट गरेकोमा ६१ जना सहभागी अनुसार खर्च लेख्नुपर्नेमा नर्म्स भन्दा वढी रु.२,८५०।- खर्च लेखेको रकम असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

९. **कार्यक्रम संचालन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को बजेट तथा कार्यक्रम र कार्यान्वयन सम्बन्धी व्यवस्थाअनुसार तोकिएको अवधिमा कार्यक्रम सम्पन्न गरिनु पर्ने व्यवस्था छ । कार्यालयको मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम अन्तर्गत दोस्रो चौमासिक अवधिमा चालु तथा पुँजीगत गरी रु. ९४ लाख २० हजारका २१ वटा कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा कार्यक्रम गर्न सकेको पाइदैन । दुई वटा समितिको नमूना छनौटका आधारमा परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् :

९.१ नाम्चे मध्यवर्ती क्षेत्रलाई सम्झौता अनुसार थप रु. १०,००,०००।– को सामुदायिक बहुउद्देश्यीय तालिम केन्द्र मर्मत बापत दिएको मध्ये महिला तथा युवा सशक्तिकरण तालिम कार्यक्रममा रु. ६ लाखको सम्पन्न गरेको छैन ।

९.२ छोमोलोङमा मध्यवर्ती क्षेत्रलाई लुगा धुने ठाउँ निर्माण गर्न रु. १८,००,०००।– दिएकोमा सो समितिको कार्य सम्पन्न प्रतिवेदन तथा लागत अनुमानमा रु. १३,००,०००।– मात्र आम्दानी देखाई कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । बाँकी रु. ५०००००/- सम्झौताको कार्य शर्तअनुसार तोकिएको क्षेत्रमा लगानी गरी निर्धारित उद्देश्य प्राप्त भएको पुष्ट्याई पेश नभएकोले सो रकम असुल गर्नु पर्दछ ।

९.३ थामे गुम्बा मर्मत गर्न रु. २५,००,०००।– दिएकोमा थामे मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिले कार्य सम्पन्न प्रतिवेदनमा रु. १०,००,०००।–अनुदान प्राप्त देखाई कार्य सम्पन्न प्रतिवेदन पेश गरेकोले रु.१५,००,०००।- घटी अनुदान देखाई कार्य सम्पन्न भएको कारण तथा पुष्ट्याई पेश नभएकोले सो रकम असुल गर्नु पर्दछ ।

९.४ खुम्जुङ (खुम्बीचुल्हा) मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिलाई दिएको पेश्की रु.४३,५०,०००।– फछ्र्यौट गरी थप रु. ३९,२६,०००।– भुक्तानी दिएकोमा ९ कार्यक्रम सम्पन्न गरेको पाइन्छ । खुम्जुङ – खुन्देमा ढल निर्माण बापत रु. ५,२२,०००।– दिने कार्यक्रम भएकोमा सो सम्झौता हुँदा रु. १,७८,८४७।– श्रमदानबाट व्यहोर्ने भनिएको तर कार्य सम्पन्न प्रतिवेदन अनुसार रु. ६,२६,४००।– मात्र कार्य भै रु. १,०४,४००।– मात्र श्रमदान भएको पाइएकोले सम्झौता भन्दा रु.७४,४४७।–अनुपातिक घटी श्रमदान भएको पाइएको छ ।

९.५ बार्षिक कार्यक्रमको (कम्पोनेन्ट २.१५.६०) अन्तर्गत विद्यार्थी प्रोत्साहन तथासंरक्षण छात्रवृत्ति अन्तर्गत ८ जना विद्यार्थीलाई रु. ४ लाख छात्रवृत्ति सहयोग प्रदान गर्ने लक्ष्य रहेको छ। छात्रवृत्ति वातावरण/संरक्षण क्षेत्रमा प्रदान गर्नुपर्ने तोकिएको छ । समिति अन्तर्गत २ विद्यार्थीलाई २/२ लाखका दरले दिने भनी एकजना व्यवस्थापन विषयमा अध्ययनरत र एकजना वातावरण विज्ञान अध्ययनरत विद्यार्थीलाई १/१ लाखका दरले वितरण गरी बाँकी रकम अध्ययन पुरा गरी केही समय यस क्षेत्रमा काम गरेपछि दिने भनी बैंकमा नै राखेको छ । निकुञ्ज कार्यालयले खर्च लेखी सकेकोमा रकम मौज्दात रहनु, एउटा विद्यार्थी संरक्षण क्षेत्रसंग असम्बन्धित रहनु, कार्यक्रम विपरित खर्च देखिएको हुँदा मौज्दात रकम रु.२,००,०००/- एवं असम्बन्धित छात्रवृत्ति वितरण भै सकेको रकम रु. १,००,०००/- गरी जम्मा रु.३,००,०००।- बारे एकिन हुनु पर्दछ ।

९.६ माईक्रोहाईड्रो सम्भाव्यता अध्ययन बापत सम्बन्धित समितिलाई रु.३,१८,०००।– बजेट दिएकोमा सो समितिको आय-व्यय विवरण अनुसार रु.३,१५,०००।– मात्र प्राप्त देखाइएकोले फरक पर्न गएको रु. ३,०००।– सम्बन्धमा एकिन हुनुपर्दछ ।

९.७ मध्यवर्ति क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ मा निर्माण वा मर्मत कार्य गर्दा उपभोक्ता समितिले १५ देखि २५ प्रतिशतसम्म श्रमदान गर्नुपर्ने व्यवस्था छ । ताङपोछे गुम्बा मर्मतको कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.१२,२०,३९२।- खर्च भएकोमा जनश्रमदानको अंश रु.८,३९२ (०.७ प्रतिशत) मात्र व्यहोरेकोले निर्देशिका विपरित कार्य भएको छ । साथै फोर्जे गुम्बा मर्मतमा उपभोक्ताको योगदान झण्डै २१ प्रतिशत समेत देखिएको हुँदा न्यूनतम २०% योगदान समेत नगरेकोले ताङपोछेमा रु.२,३४,०००।–घटी योगदान भएको पाइयो ।

९.८ कार्यालयले फिल्ड गेयर बापतको रकम वितरण गर्दा बार्षिक विनियिजत रकम २५ जनालाई रु. २०,०००।– का दरले रु.५,००,०००।– वितरण गरेको छ । रकम वितरण गर्दा ३ जना उपभोक्ता समितिका अध्यक्ष र ६ जना करारका कर्मचारीलाई समेत वितरण गरेको पाइयो । कार्यालयमा १४ जना मात्र कर्मचारी कार्यरत रहेको अवस्थामा करार र बाह्य व्यक्ति समेत ९ कर्मचारीलाई भत्ता रु.१,८०,०००।– वितरण गरेको पाइयो । पर्याप्त आधार प्रमाण संलग्न नगरी बाह्य व्यक्ति र करारका कर्मचारीलाई भत्ता दिन मिल्ने देखिएन ।

९.९ बार्षिक कार्यक्रम अनुसार (कम्पोनेन्ट २.१५.८) रु. २ लाखको चरा अध्ययन पुस्तिका प्रकाशन र रु. २ लाखको संरक्षण सामाग्री प्रकाशन र वितरण कार्यक्रम रहेकोमा कार्यालयले रु. २,००,०००।– मा डायरी प्रकाशन र रु. २,००,००।– को चरा अध्ययन पुस्तिका प्रकाशन गरेको छ । संरक्षण सामाग्री प्रकाशन बापत डायरी प्रकाशन गरिएकोमा सो को प्रकासन मूल्य प्रति संख्या रु. ६६।६७ छ । कार्यक्रम रकम खर्च गर्दा प्रकासन मा ५० पृष्ठको डायरी र ७० पृष्ठको चरा अध्ययन पुस्तिका (रंगिन) को मूल्य बराबर प्रति इकाई लागत देखिएकोले सामग्री प्रकासनमा मितव्ययीता अपनाएको पाइएन् ।

१०. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ बमोजिम राशन आर्पुतक संस्थालाई राशन सप्लाईको लागि उपलव्ध गराएको पेश्की रु.१,५०,३७९।– फछ्र्यौट गर्नुपर्दछ ।

११. **राजस्व** : आर्थिक कार्यबिधि ऐन,२०५५ को दफा १२ तथा आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम ९(३) बमोजिम नगद आम्दानी गरिएको राजस्व दैनिक रुपमा जम्मा गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी ७ दिनभित्र त्यस्तो नगद बैंक दाखिला गर्न सकिने व्यवस्था रहेको छ । साथै राजस्व आर्जन गर्ने कार्यालयले राख्नुपर्ने श्रेस्ता म.ले.प.फा.नं.१०९ खडा गरी राखेको छैन ।

११.१ कार्यालयले २०७३ आषाढ महिनामा दैनिक आम्दानी खातामा हेली अवतरण शुल्क वापत रसिद नम्बर उल्लेख नगरी रु.१०,०००।- प्रबिष्टि गरेकोमा नगदी रसिद लेखापरीक्षणमा पेश नभएको हुदा यस सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्ने देखिन्छ ।

११.२ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र एक निजी सेवाप्रदायक संस्था बीच पूर्वाधार निर्माण गरी सञ्चालन गर्न २०७०।८।- गते सगरमाथा राष्ट्रिय निकुञ्ज भित्र ४ वटा टावर स्थापना र सञ्चालन गर्न ३० वर्षको समयावधि राखी सम्झौता भएको छ । सम्झौताको शर्त बमोजिम वार्षिक रु.२,००,०००।- बुझाउनुपर्ने रहेकोमा यो वर्ष रु.१,८०,०००।- मात्र बुझाएकोले नपुग रु.२०,०००।- असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

१२. **मूल्य अभिवृद्धि कर** : कार्यालयले बिदेशी पर्यटकबाट प्रबेश शुल्क बाट प्राप्त हुने मूल्य अभिवृद्धि कर एवम हेली अवतरण शुल्क,काठपूर्जी,निगालो पूर्जी र ढुँगा,वालुबा पूर्जी वापत प्राप्त हुने मूल्य अभिवृद्धि कर राजस्व दाखिला गरेको,म.ले.प.फा.न.१०८ र १०९ तयार गरेको पाईएन । कार्यालयबाट प्राप्त आर्थिक विवरण अनुसार कुल राजस्व रु.६,५८,०९,७८२।- अनुसार मू.अ.कर असुली तथा दाखिला रु.८५,३४,२३७९३।- भएको देखिन्छ । यो वर्ष साहसिक पर्यटकीय गतिबिधि वापत रु.३,६२,३८२।- राजश्व प्राप्त भएकोमा सो वापतमूल्य अभिवृद्धि कररु.४७,११०।-असुली नभएको सम्बन्धमा प्रमाण पेश हुनुपर्दछ ।

## जिल्ला बिकास समितिको कार्यालय

१. **बैंक मौज्दात** : कोषतर्फ युनिसेफराहत भत्ता रकममा रु.३,०२,५२,०००।- बजेट प्राप्त भएकोमा रु.२,५६,२९,०००।- राहत भत्ता बितरण गरी बांकी रहेको रु.४६,२३,०००।-युनिसेफ फिर्ता पठाएको रकम खर्चमा समाबेश नगरेकोले सोही रकम बराबर बैंक बांकी कम देखिएको छ । कार्यालबाट पेश भएको एकीकृत केन्द्रिय आर्थिक विवरणमा कर्मचारी कल्याण कोषको रु.८,२१,८३०।- मौज्दात रहेकोमा बैंक स्टेटमेन्ट विवरण अनुसार रु.७,०४,४२३।- देखिएकोले बैंकमा कम देखिएको रु.१,१७,४०७।- हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

दैबि प्रकोपको मौज्दात रु.४,९६,५००।- हुनुपर्नेमा रु.४,६४,०००।- देखाईएको छ । मालपोत शिर्षकको बैंक खातामा रु.३२,५००।- वढी देखिएको रकम हिसाव मिलान गर्नुपर्ने देखिन्छ।

२. **कार्यक्रम संचालन खर्च** : वौद्ध दर्शन प्रवर्द्धन तथा गुम्वा विकास समितिअन्तर्गत विभिन्न गुम्वालाई रु १ लाखका दरले १० लाख विनियोजन निकासा लिई खर्च गरेको देखिन्छ । यो वर्ष ३ गाउँ बिकास समितीको ३ उपभोक्ता समितिहरुलाई रु.९७,५००।-दरले गुम्वाको वजेट कार्यान्वयन गर्न भौगोलीक दृष्टीले कठिनाई हुने उल्लेख गरी सम्वन्धित गाविस मार्फत कार्यान्वयन गर्न रु.२,९२,५००।-रकम उपलव्ध गराएकोमा सो कार्यान्वयन भएको पुष्टाई हुने लागत अनुमान, कार्य मूल्याङकन, प्राविधिक प्रतिवेदन तथा कार्य प्रगति विवरण पेश भएको छैन ।

३. **वातावरण प्रभाव मूल्याङ्कन** : स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम अन्तर्गत रु २ करोड ३१ लाख विनियोजन भएकोमा रु २ करोड २० लाख १८ हजार ९२९ निकासा खर्च गरेको देखिन्छ। यस अन्तर्गत सडक निर्माण उपभोक्ता समूदाय मार्फत ५ तथा सडक मर्मत सोझै खरिदवाट ७ र वोलपत्रको खरिद पक्रिया अपनाई ५ सडक खण्डको सडक सञ्जालले नछोएको गाविस जोड्ने र ट्र्याक खोल्ने कार्य गरी कार्यक्रम सञ्चालन गरेको देखियो । वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ अनुसार वन क्षेत्र भएर मोटर वाटो निर्माण गर्दा वातावरणीय प्रभाव अध्ययन गर्नु पर्ने प्रावधान छ । उपयुक्तानुसार सडक निर्माण गर्दा प्रारम्भीक वातावरणीय प्रभाव मूल्याङकन स्वीकृत गरेको नदेखिदा यस तर्फ सम्वद्ध निकायले ध्यान दिनु पर्दछ ।

४. **कार्यक्रम विनियोजन** : ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत वार्षिक रु ५५ लाख विनियोजन भएकोमा ९ खानेपानी योजना सञ्चालन गरी रु. ५४,०९,९९०।- खर्च गरेको देखिन्छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु :

४.१ जिल्लास्तरीय अनुगमन भ्रमण खर्चतर्फ खर्च गरेको रकम मध्ये खुल्ला दिशामुक्त घोषणा गर्ने कार्यक्रम रहेका गाँउ विकास समिति भन्दा अन्यत्र गाँउ विकास समितिमा खटिएको अवधिको समेत बिभिन्न ११ कर्मचारीको दैनिक भ्रमण खर्च रु.१,६६,५००।- समाबेश गरेकोले कार्यक्रम खर्चलाई मितव्ययी बनाउन ध्यान दिनुपर्ने देखियो ।

४.२ कार्यक्रम सञ्चालन गर्न खरिद गरिएका रु.९,९०,८२०।- का निर्माणजन्य तथा प्रचारप्रसार सामाग्रीको आम्दानी तथा बितरणको अभिलेख पेश नभएकोले उक्त खर्चलाई पुष्ट्याई हुने प्रमाण पेश हुनुपर्दछ ।

४.३ चौबिसौं जिल्ला परिषदबाट स्विकृत भए बमोजिम उक्त कार्यक्रम सञ्चालन गर्न बिभिन्न १० लाई रु.२३,३४,०००।- स्थानीय खानेपानी तथा सरसफाई डिभिजनका १ कर्मचारीको नाममा रु.७,४२,०००।- पेश्की दिएकोमा लेखापरीक्षण अबधि २०७३ मंसिर दोश्रो हप्तासम्म कार्यक्रम सञ्चालन गरेको पुष्ट्याई हुने फांटबारी तथा प्रगति प्रतिबेदन पेश गरी फछ्र्यौट गरेको पाईएन ।

५. **बढी भुक्तानी** : विकेन्द्रीत ग्रामिण पूर्वाधार तथा जिविकोर्पान सुधार आयोजनालेस्थानीय पूर्वाधार तथा कृषि सडक विभागको नर्म्स अनुसार कूल २२.५ कि.मी. सर्भेकार्यको लागि रु.८,१३,१३५।८३लागत अनुमानको आधारमा कार्य गरेकोमा २२.३ कि.मी. मात्र सम्पन्न गरेकोले औषत गणना गर्दा वढी खर्च लेखेको रु. ५,२५९।- असुल गरी दाखिला गर्नुपर्दछ ।

५.१ आर्थिक कार्यविधि, २०६४ को नियम २४ अनुसार स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आवश्यक ठानेमा संशोधन गर्नु पर्ने स्पष्ट कारण खोली अधिकार प्राप्त निकायबाट कार्यक्रम संशोधन गर्न सक्ने व्यवस्था छ। यो कार्यक्रमको वजेट रु. ८,००,०००।- स्वीकृत भएकोमा संशोधन नगरी रु. ८,११,११६।- खर्च गरेकोले रु. ११,११६।- वढी खर्च गरेको देखिन्छ ।

५.२ लागत अनुमान तयार गर्दा सिभिल वर्क्स तर्फ बि.ओ.क्यू को आइटम सङख्या १.१ नरम माटो खन्ने जिल्ला दररेट अनुसार प्रति घन मि.७८/५३ दरले गणना गर्नु पर्नेमा ८७/५३ दरले गणना गरी कूल ५५८/५७ घन मिटरकार्यको ओभरहेड र मूल्य अभिवृद्धि कर समेत रु. ६,५३२।७६ वढी अङक कायम गरेको देखिन्छ । निर्माण व्यवसायीले खुद कार्य ६९२ घन मी. गरेकोले वढी दरले रु.८,०९६।४० वढी व्ययभार परेको असुल हुनुपर्दछ ।

५.३ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० (४) मा कार्यसम्पादन जमानतको मान्य अवधि खरीद सम्झौतामा उल्लेखित निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि भन्दा कम्तिमा एक महिना बढि अवधिको हुनुपर्ने व्यवस्था रहेको छ । कृषि विकास वैक लि.,धुलिखेलको जमानी रु.२,४५,०००।-को म्याद २०७२/८/२४ सम्म मात्र रहेकोले मर्मत सम्भार अवधी समेत २०७३/९/६ सम्म मान्य हुने गरी म्याद थप गरेको प्रमाण पेश हुनु पर्दछ ।

५.४ गार्मा नेले वोगल (चेनेज ११+०६० देखि १५+००० सम्म) सडक स्तरोन्नती कार्य गर्नसूचीकृत फर्मवाट दररेट लिइ न्यूनत्तम प्रस्ताव अङक रु. ६०,५४,३३०।७२ मूल्य अभिवृद्धि कर समेत सम्झौता लागतको आधारमा एक निर्माण सेवासँग ६ महिना भित्र कार्य सम्पन्न गर्न ७ नोभेम्वर २०१५ मा संझौता गरेकोमा उक्त निर्माण सेवाले २०७३/१/९ मा कार्य सम्पन्न गरी रु. ५८,०६,८१२।- भुक्तानी गरेको देखिन्छ ।

५.५ कृषि विकास वैक, वैङकीङ कार्यालय, धुलीखेलको २०७२/७/२० को जमानी संख्या १९९० को रु.२,७०,०००।- मान्य अवधि २०७३/१/२० सम्म रहेकोले मर्मत सम्भार अवधि समेत मान्य हुने गरी कार्यसम्पादन जमानतको म्याद २०७४/२/९ सम्म कायम हुनु पर्दछ ।

५.६ **जिन्सी अभिलेख** : कार्यालयले यो वर्ष निर्माणाधिन सडक उप-आयोजनामा संलग्न हुने निर्माण समूहको लागि आवश्यकता रहेको देखाई मालसामान ए.डि.वि. खरिद गाईड लाइनमा रहेको सपिङ पद्दतिवाट गर्ने सहमति माग गरी ड्रिलिप आयोजना समन्वय ईकाईवाट २०७२/६/५ स्वीकृत प्राप्त गरेको आधारमा दुई आपुर्तकबाट हाते औजार खरिद तथा ढुवानी र ग्याविन तार वुनाईको रु. ३१,५१,१९४।- वरावरको मालसामान तथा कार्य सोझै खरिद गरेको छ । खरिद गरिएका सामग्री

जिन्सी मौज्दातमा अध्यावधिक भएको पाइएन । यस सम्वन्धमा औल्याउदा फिल्डमा प्रयोग हुदै गरे पनि जिन्सीमा हिसाव मिलान नगरेको जानकारी प्राप्त भएको छ । प्रयोग भएका सामग्री नापी कितावमा समावेश गरी जिन्सी लेखा अद्यावधिक गर्नुपर्दछ ।

६. **कार्यसम्पन्न :** लेकखर्क मैदेल मुक्ली शाखा सडक ४.५ कि.मी (चेनेज ४+५०० देखि ८+७४६) निर्माण गर्न मुक्ली गाँउ सार्वजानीक निर्माण उपभोक्ता समिति सँग कूल रु. ३,४३,२८६।- लागतमा २०७३ असार मसान्त सम्म निर्माण सम्पन्न गर्ने गर्री समझदारी पत्रमा हस्ताक्षर गरेको छ । निर्माण उपभोक्ता समितिलाई यो वर्ष खुद कार्य रु.३,१०,३०,१८२।- मूल्याङकनको आधारमारु.२,२८,०,४२८।- भुक्तानी गरेको देखिन्छ। आयोजना कार्यान्वयन कार्य तालीका अनुसार निर्धारीत अवधि २०७३ असार मसान्त सम्ममा निर्माण कार्य सम्पन्न नभएको र म्याद थप भएको समेत नदेखिएकोले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार आवश्यक कारवाही गरी वाँकी कार्य सम्पन्न गर्नुपर्दछ ।

७. **सहयोगी संस्थाबाट कार्य :** समुदायलाई झोलुङ्गेपुल सम्वन्धि सहयोग पुऱ्याउने उद्धेश्यले ३ वर्ष कार्य अवधि राखी एक गैर सरकारी संस्थासँग झोलुङ्गेपुलको लागतको ६ प्रतिशत जिविसले उपलव्ध गराउने गरी २०७१/६/५ मा त्रिपक्षीय सम्झौता गरेको देखिन्छ। सहयोगी संस्थाको सेवा शुल्कमा रु. १६,५९,०००।- विनियोजन गरेकोमा क्रमागत वहुवर्षिय ८ पुल निर्माण र सर्वेक्षण कार्य १० समेत १८ झोलुङ्गे पुलको वृहत मर्मतको रकमवाट रु.४,२९,०००।-समेत यो वर्ष रु.२२,८८,०००।- खर्च लेखि भुक्तानी गरेको देखिन्छ । यसरी नियम विपरीत रु.६,२९,०००।- सोझै गैर सरकारी संस्था छनौट गरी अन्य कार्यक्रमको वजेट समेत खर्च गर्न मिल्ने देखिएन ।

७.१ त्रिपक्षीय संम्झौता अनुसार सहयोगी संस्थावाट प्रत्येक झोलुङ्गेपुलको निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक पक्षको सिफारिस सम्म लिए पनि झोलुङ्गे पुलका निर्माण कार्यहरुको सम्वन्धमा मासिक/चौमासिक प्रगति प्रतिवेदन दिने गरेको नदेखिंदा सोको अनुगमन हुनु पर्दछ ।

७.२ वार्षिक कार्यक्रम अनुसार नावुकखोला झोलुङ्गेपुल निर्माण गर्न कार्यक्रम वजेट रु २० लाख विनियोजन भएकोमा रु.२७,४४,०००।- खर्च गरेको देखिन्छ । कूल ७२ मिटर स्पान भएको उक्त पुलको संशोधित लागत अनुमान रु. ५९,६८,४४५।- कायम गरेको पाईयो । झोलुङ्गेपुलको फेव्रिकेशन स्टील पार्टस वाहेक ढुवानी तथा निर्माणका लागि कूल रु. ४०,०४,३६०।- लागतका आधारमा रु.३७,७६,०००।- व्यहोर्ने गरी झोलुङ्गे पुल निर्माण समितिसंग २०७१/१२/५ मा संझौता गरेको देखिन्छ । उक्त झोलुङ्गे पुल निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार तथा मर्मत सम्भार अवधि पछि भुक्तानी दिन गरी रु.३,७५,०००।- वाकी राखेकोमा सो अवधि अघि रु.२०००००/- भुक्तानी गरी रु.१,७५,०००।- बाँकी राखेको देखिन्छ। उपभोक्तासँग भएको संझौता अनुसार कार्यसम्पन्न प्रतिवेदन तथा मर्मत सम्भार अवधी पुरा नगरी रु.२,००,०००।-भुक्तानी गरेको नियम सम्मत देखिएन ।

८. **खर्च प्रक्रिया :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ अनुसार सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नु पर्दछ । आर्थिक केन्द्र तथा दुई जिल्ला जोडने सडक कार्यक्रमको अख्तियारी पत्रानुसार अनुसार १८ गाविसमा प्रतियोजना १ कि.मी. का दरले १८ कि.मी. सडकको लागि रु ८० लाख ९३ हजार विनियोजन भएकोमा रु. ७०,५७,६६७।- खर्च गरेको छ। कार्यालयले निर्माण व्यवसायीवाट दर रेट लिई सोझै कार्य गराई भुक्तानी गरेको उपर्युक्त कामको लागत अनुमान स्वीकृत, सम्झौता, प्राविधिक प्रतिवेदन, नापी किताव, कार्यसम्पन्न प्रतिवेदनमा अधिकार प्राप्त अधिकारीले स्वीकृत नगरी दुई योजनाको रु.८,२९,१६२।-भुक्तानी गरेको पाइयो ।

९. **फ्रिज रकम** : स्थानीयस्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना अन्तर्गत दुई योजना सञ्चालन गर्न रु.२७५०००००।- वार्षिक विनियोजन भएकोमा यो वर्ष कार्यक्रम सञ्चालन नगरी वजेट फ्रिज गरेको छ। गत विगतको अधुरा आयोजनाका सम्बन्धमा देहायनुसार देखियो :

९.१ **अधुरो ठेक्का** : सोलुखोला वोल्दोक सडक पुल निर्माण गर्न .२०६८/०६९ मा वोलपत्रको माध्यमवाट रु.३,५८,४२,८९२।- मा २०७१/६/१५ सम्ममा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसंग २०६९/३/२४ मा संझौता गरेको छ। पुल निर्माण क्रममा शुरु डिजाइनमा उल्लेखित केहि कार्यमा शंशोधन गरी २०७१/८/२३ मा शंशोधित लागत अङ्क रु.३,६३,२८,०५५।- कायम गरेको छ। पुल निर्माणस्थलमा जग्गा विवाद, निर्माण सामग्री ढुवानी लगायत कारण देखाई निर्माण व्यवसायीले म्याद थप गर्न दिएको निवेदन अनुसार गत वर्ष २०७२ जेठ सम्म म्याद थप गरिएकोमा पुनः निर्माण कार्यको शंशोधित अवधि २०७३/३/२२ सम्म कायम गरेको छ। थप भएको अवधिमा समेत उक्त कार्य सम्पन्न हुन नसकी अधुरो रहेको देखिन्छ। सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार आवश्यक कारवाही गरी निर्माण कार्य सम्पन्न गराई त्यसवाट लाभग्राही समूदायले पाउनु पर्ने सुविधा उपलव्ध गराउनु पर्दछ।

९.२ **कर बीजक** : मूल्य अभिवृदि कर ऐन, २०५२ को दफा १४ (१) मा प्रत्येक दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई विजक दिनुपर्ने व्यवस्था छ। कार्यालयले सोलु खोलामा पुल निर्माण गर्ने एक निर्माण सेवालाई रनिङ विल वापत रु.३८,१७,९१६।- पेश्की फछ्र्यौट गर्दा मूल्य अभिवृद्धि कर वीजक बेगर भुक्तानी गरेको कर रकम रु.४,३९,२२९।- समायोजन प्रमाण पेश गर्नु पर्दछ।

९.३ **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९ अनुसार भुक्तानी रकममा १.५ प्रतिशत दरले रु.५०,६८०।३० अग्रिम कर कट्टा गर्नुपर्नेमा सोलु खोलाको पुल निर्माण व्यवसायीलाई बिल रकमको हुने अग्रिम कर कट्टा नगरी पेश्की फर्छयौट गरेकोले उक्त कर असुल गर्नु पर्दछ।

१०. **विकास साझेदारी कार्य** : एक छिमेकी देशको राजदुतावाससँग समझदारी अन्तर्गत सञ्चालित एक खुमजुङ खानेपानी आयोजनाको लागत रु. ४,२३,९२,००४।- को आधारमा जिल्ला विकास समितिले रु. ३,७०,९२,००४।- र जनसहभागिता रु. ५३,००,०००।- रहने गरी २०६९/१/२० मा संझौता गरेको देखिन्छ। सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :-

१०.१ शुरु संझौता अनुसार निर्माण अवधि २०६९/१/१९ रहेको अति दुर्गम, भौगोलिक विकटता, चिसो, भुकम्प, तराई आन्दोलन लगायतका कारणले काममा ढिलाई भएको अवस्था देखाई उपभोक्ता समितिको निवेदनका आधारमा ३ पटक गरी (तेस्रो पटक २०७३/३/५ को निर्णय)ले २०७३/६/३० सम्म म्याद थप भएको देखिन्छ। उक्त थप अवधिमा समेत निर्माण कार्य सम्पन्न भै नसकेको र लेखापरीक्षण अवधि २०७३ मंसिर दोस्रो हप्ता सम्ममा म्याद थप नगरेको अवस्था छ।

१०.२ गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार मौज्दात रु. ९८,५८,८७१।- उल्लेख भएकोमा कार्यालयले रु.४९,९३,३२९।- मात्र जिम्मेवारी सारी खर्च गरेकोले फरक रु.४८,६५,५४२।- सम्वन्धमा यकिन गर्नु पर्दछ। विकास साझेदार संस्था मार्फत सञ्चालित यो योजना पुरा गराउने तर्फ प्रभावकारीता ल्याउनु पर्ने र वाँकी कार्य सम्पन्न गराउन हाल मौज्दात नदेखिएकोले स्रोत व्यवस्थापन सहित कार्यान्वयनमा तिव्रता दिनु पर्ने देखिन्छ।

११. **बजेट बाँडफाँड** : पर्वतारोहण रोयल्टी बाँडफाँड तथा परिचालन निर्देशिका, २०७० मा पर्यटकिय सडक गोरेटो, घोडेटो, पर्यटन पदमार्ग, बेस क्याम्पसम्मको पहुँच मार्ग,पद मार्गमा पर्ने पुलपुलेसा, फट्के, विश्रामस्थल, कामदारको विश्राम स्थल लगायतका कार्यहरुमा खर्च गर्न पाउने व्यवस्था

रहेको छ। यो वर्ष पर्यटन सम्वन्धि कार्यको लागि रु.२,४६,५७,०००।- विनियोजन अख्तियारी प्राप्त भएकोमा सो रकम पुरै जिल्ला विकास कोष तर्फ सारेको र गत विगतको रोयल्टी रकमवाट यो वर्ष खर्च गरेको छ। यस सम्बन्धी व्यहोराहरु निम्न छन् :

११.१ निर्देशिकाको दफा ४ ले रकम खर्च गर्ने क्षेत्रहरु स्पष्ट तोकी दिएकोमा जिल्ला परिषदवाट योजना छनौट र स्वीकृति गर्दा २४ औ जिल्ला परिषदले जिल्लामा प्राप्त हुने रकमलाई प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरी उच्च प्रतिफल लिने विषय समेत उल्लेख छ। गत वर्षको मौज्दात समेत कोषमा रु.४७,०८,७३,५९७- रहेकोमा कार्यालयले यो वर्ष १८ कार्यक्रममा रु.४४,६५,६६,९५१।- बाँडफाँड भएकोमध्ये सडक सर्भेक्षण तथा निर्माण, विद्युत योजनामा समपुरक कोष, खानेपानी तथा सिंचाई लगायतमा रु.७,८२,६३,७३०।३० (१७.५३ प्रतिशत मात्र) खर्च गर्न सकेको देखिन्छ। आर्थिक वर्षको अन्त्य सम्ममा पर्यटन रोयल्टी वापत जिल्ला विकास समितिको कोषमा खर्च हुन नसकि रु.३९ करोड २६ लाख १० हजार मौज्दात रहेको छ।

११.२ स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९६ मा जिल्ला विकास समितिले बार्षिक योजना तुर्जमा गर्नु अगावै श्रोत र साधनहरुको अनुमान गर्नुपर्ने व्यवस्था छ। साथै पर्यटन रोयल्टी खर्चको अख्तियारीको दफा ५ मा योजना स्वीकृत गर्दा आगामी आ.ब.का लागि दायित्व नसर्ने गरी स्वीकृत गर्नुपर्ने, चालु आर्थिक वर्षमा सम्पन्न हुन नसक्ने र आगामी आर्थिक वर्षमा दायित्व सर्ने भएमा मन्त्रालयको पूर्व स्वीकृती लिनु पर्ने व्यवस्था रहेको छ। योजना स्वीकृति तथा सञ्चालन गर्न २०७२/११/३० मा वसेको २४औं जिल्ला परिषदको वैठकले रु.४४६५६७०००/- हजार बांडफांड गरेको मध्ये गत विगतमा बिनियोजन भई खर्च भएको रु.६०७४६०००/- घटाई बांकी रु.३८५८२१०००/- शंसोधन सहित विनियोजन गरी क्रमागत आयोजनाका रुपमा कार्यन्वयन गर्ने निर्णय गरेको देखिन्छ। कार्यालयले यसरी छुट्याईएको रकम गत वर्षको जिम्मेवारी सरेको रु. ३८,५२,२७,०९७- भन्दा रु ५,९४,००१।- ले वढी विनियोजन भएको देखिन्छ। मौजुदा वजेटलाई आधार मानी स्रोत भन्दा वढी लागतको योजनाहरु स्वीकृति गर्ने प्रक्रियामा नियन्त्रण तथा सुधार हुनु पर्दछ।

११.३ स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२२ तथा पर्यटन रोयल्टीवाट रकम खर्च गर्ने सम्वन्धि निर्देशिकामा शिक्षा क्षेत्र, विशेष कोष खडा गर्न अन्य नामवाट विभिन्न योजनामा रकम छुट्याउन मिल्ने नदेखिएमा यस वर्ष समेत परिषदवाट निर्णय गरी विभिन्न विद्यालयको भवन निर्माण, फर्निचर निर्माण, खेलकुद मैदान निर्माण लगायतका कार्यमा खर्च गरी तथा ३ लाख भन्दा घटीका योजना गाविस मार्फत निकासा दिई खर्च गरेको देखिन्छ।

११.४ कार्यालयले पर्यटन रोयल्टी वापतको रकम २०७३ आषाढ १५ भित्र कार्य सम्पन्न गर्ने गरी नाम्चे बजार स्लेट विछ्याउने कार्यको लागि नाम्चे गाँउ विकास समितिलाई रु.७,८०,०००।- र खुम्जुङ प्रहरी भवन निर्माणमा खुम्जुङगाँउ विकास समितिलाई रु.४,८७,५००।-गाँउ विकास समितिको नाममा अनुदान दिएकोमा सो रकमवाट निर्देशित कार्यक्रममा मात्र खर्च भई प्रगति भएको पुष्ट्याइ हुने विवरण संलग्न गरीनु पर्ने देखिएको छ।

११.५ सडकको विस्तृत आयोजना प्रतिवेदन तयारी कार्यमा वार्षिक विनियोजन रु. २ करोड भएकोमा पर्यटक/ग्रामिण सडकखण्ड २२९.१३ कि.मी. सम्मको विस्तृत आयोजना प्रतिवेदन तयारी कार्यमा रु. १९१९०००/— परामर्शदातालाई भुक्तानी गरेको देखिन्छ। जिल्ला यातायात गुरु योजनामा समावेश गरी उच्च प्राथमिकताका साथ सडक आयोजना कार्यान्वयनमा ध्यान दिनु पर्ने देखिन्छ

११.६ पर्यटन रोयल्टीतर्फ बिगत वर्षमा छनौट गरेका योजनाको कार्यान्वयन अधुरा राखी प्रत्येक वर्ष बिनियोजन गर्दै जादा निर्देशिकाको पालना नहुने, मूल्य बृद्धि हुन गई तोकिएको कार्यसम्पादन गर्न

कठिनाई हुने, पर्यटन रोयल्टीको रकम लक्षित कार्यक्रम परिचालन हुन नसकी मौज्दात रहिरहने तथा लक्षित कार्यक्रम सम्पन्न गरी अपेक्षित उपलब्धि नदेखिने हुंदा सम्बद्ध निकायले निर्देशिकाको अनुशरण तथा योजना कार्यान्वयन स्थितीको अनुगमन गरी पूंजीगत बिकास कार्यक्रमबाट उच्च प्रतिफल लिन कार्यक्रम सञ्चालनमा प्रभावकारीता अभिबृद्धि गर्नुपर्दछ ।

१२. **परामर्श सेवा खर्च :** जिल्ला विकास समिति तथा जिल्ला प्राविधिक कार्यालयको प्राविधिक कार्यमा एक परामर्श दातृसंस्थासँग कूल रु. २०,३६,८८२।- मा २०७३ वैशाख १५ सम्म कार्य सम्पन्न गर्ने गरी २०७२ आषाढ १४ मा संझौता गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

१२.१ परामर्श दातृसंस्थाले संझौताको कार्य तालिका अनुसार २०७२ आषाढ १६ देखि २०७३ वैशाख १५ (कुल १४४ कार्य दिन) सम्म संझौता को शर्त अनुसार कार्य सम्पादन गर्नुपर्नेमा यसअवधिमा १/३ जनशक्ति मात्र परिचालन भएको र भुकम्प लगायतका कारण २०७३ श्रावण सम्म म्याद एक तिहाई अवधि थप माग गरेकोमा थपको कारवाही टुङ्गो लागेको छैन ।

१२.२ सम्झौताको कार्य शर्त अनुसार पूर्व स्वीकृति नलिई सव इन्जिनियरको स्थानमा असिष्टेन्ट सव इन्जिनियर कार्यरत रहेको सम्वन्धमा कार्यालयले कुनै कारवाही गरेको छैन ।

१२.३ कार्यालयवाट २ रनिङ विलवाट रु.१२,३५,४५६।- भुक्तानी गरेकोमा संझौता अनुसार परामर्शदाताको कर विजकको आधारमा भुक्तानी गर्नु पर्नेमा अन्य आपूर्तकको विजकको आधारमा उक्त संस्थालाई भुक्तानी गरेको दोस्रो रनिङ विल मध्ये रु.८५,६६०।- रकम जिन्सी आम्दानी समेत नगरी भुक्तानी गरेको नियम सम्मत देखिएन ।

१२.४ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ (१) अनुसार निकायमा उपलब्ध जनशक्तिवाट काम हुन नसक्ने भएमा मात्र परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । जिल्ला विकास समितिवाट सञ्चालित विकास योजनाको निरीक्षण तथा अनुगमन प्रकृतिको कार्यमा समेत परामर्शदाता राखि खर्च गरेकोले कार्यक्रम लागत वढ्न गएको छ । अत्यावश्यक सेवा वाहेक कार्यालयको जनशक्ति परिचालन गरेर परामर्शदाताको खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

१३. **कन्टेन्जेन्सी खर्च:** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १४(१) अनुसार पुँजीगत लगानीको समष्टिगत र रकमवाट वर्गिकृत जिल्ला अनुसार कार्यालयले ५ प्रतिशत छुट्याउन सकिने, सोही दफाको उपदफा (२) वमोजिम कन्टेन्जेन्सी रकमको खर्च सम्वन्धि कार्य योजनास्वीकृत गराई स्वीकृत शिर्षकको अधिनमा रहि तोकिएको क्रियाकलापमा खर्च गर्न सकिने उल्लेख छ । कार्यालयले पुँजीगत शिर्षकका १० वटा ब.उ.शि.नं.मा रु.६६,३०,४२६।- उल्लेखित व्यवस्था अनुसार परिषदवाट स्वीकृत नगराई खर्च गरेको पाईयो ।स्थानीय निकायवाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनालाई कार्यकुशलता प्रभावकारिता तथा मितव्ययीताको सिद्धान्त अनुसार सञ्चालनमा सहयोग पु-याउन पुजीगत खर्चवाट गरिने कन्टेन्जेन्सी खर्चलाई जिन्सी प्रक्रिया पुऱ्याई खर्च गर्न ध्यान दिनु पर्दछ ।

१४. **जिन्सी व्यवस्थापन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१२ र २१४ मा जिन्सी व्यवस्थापन सम्वन्धमा पालना गर्नु पर्ने,प्रतिवेदन तयार गर्न गठित समितिले २०७३/५/३० मा जिन्सीको स्थिति खुलाई प्रतिवेदन पेश गरेको देखिएको छ । प्राप्त प्रतिवेदन अनुसार औल्याएको व्यहोरा कार्यान्वयन गरी जिन्सी व्यवस्थापन अद्यावधीक गर्नु पर्दछ । कार्यालयलको स्वामित्वमा रहेको मन्त्रालयवाट प्राप्त हाइलक्स गाडिको सवारी साधन प्रमाण पत्र

प्राप्त नभएको,सोनालिका ट्रयाक्टरको सवारी साधन प्रमाण पत्र नविकरण नगरेकोले सरकारी निकायले प्रचलित नियमको परिपालना गरिनु पर्दछ ।

१५. **चौमासिक तथा आषाढको खर्च** : स्वीकृत वार्षिक कार्यक्रम वमोजिम तोकिएको चौमासिकमा कार्यक्रम संचालन गर्नु पर्नेमा कार्यालयले बिभिन्न पूंजीगत तथा कार्यक्रमगत शिर्षकमा तेस्रो चौमासिकमा ६३.२९ प्रतिशतखर्च भएको छ भने आषाढ महिनामा ४१.५८ प्रतिशत खर्च भएको छ । आर्थिक वर्षको अन्त्यमा खर्च भएको सम्बन्धमा ढिलो बजेट खर्च गर्ने अख्तियारी प्राप्त भएको, अधिकांश योजनाहरुको योजना फरफारक आषाढ महिनामा हुने भएकोले तेस्रो चौमासिक र आषाढ महिनामा बढी खर्च भएको कार्यालयले जनाएको छ ।

१६. **ठेक्का बन्दोवस्त** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० (३) अनुसार लागत अनुमान तयार गर्ने ठेक्कापट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरिसक्नुपर्ने व्यवस्था छ । यस बर्षकार्यालयले गरेको कुल ठेक्का सम्झौता ३४ मध्ये पहिलो चौमासिकमा ७, दोस्रो चौमासिकमा ३ र तेस्रो चौमासिकको आषाढ महिनामा २४ संझौता गरेको पाइयो । ठेक्का सम्झौता ढिलो हुनाले लक्ष्य बमोजिम प्रगति हुन नसकी ३२ योजना सम्पन्न भईबाँकी २ अधुरा रहेको अवस्था देखिएकोमा कार्यालयले समयमै ठेक्का सम्झौता गरी लक्ष्य पूरा गर्न पहल गर्नुपर्ने देखिन्छ ।

१७. **पेश्की फछ्र्यौट** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की दिने र फछ्र्यौट गर्ने सम्वन्धि व्यवस्था गरेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार गत वर्षको पेश्की जिम्मेवारी रु.४,२१,३७,२११।-रहेकोमा यो वर्ष रु.१,८३,२६,१४५।- फछ्र्यौट तथा चालु वर्ष रु.२,२७,३७,१३६।-थप भएकोमा लेखापरीक्षणको सिलसिलामा कार्यालयले चालु वर्षको पेश्की फछ्र्यौट गरी रु.९६,०५,४६६।- को प्रमाण परीक्षण गरी पेश्कीबाट घटाई चालु वर्षको पेश्की रु.१,३१,३१,६७०।-नियमानुसार असुल फर्छ्यौट गर्नु पर्दछ ।

१८. **दशैं खर्चमा थप** : निजामती सेवा ऐन, २०४९ (शंसोधन सहित) को दफा ३१ मा कर्मचारीको मासिक तलववाट दश प्रतिशतका दरले हुने रकम कट्टा गरी सो रकममा नेपाल सरकारले शत प्रतिशत थप गरी सञ्चयकोषमा जम्मा गर्नेव्यवस्था छ । दशैं खर्चमा दश प्रतिशत थप गर्ने व्यवस्था नभएकोमा जिल्ला विकास समितिको कोषवाट पारीश्रमिक पाउने कर्मचारीको,जिल्ला विकास समिति तथा जिल्ला प्राबिधिक कार्यालयका समेत ३४ कर्मचारीको दशै खर्चमा समेत दश प्रतिशत कट्टा गरी सो मा शत प्रतिशत थप गरी रु.५७,७२८।५० भुक्तानी गरेकोले उक्त रकम असुल गरी दाखिला गर्नु पर्दछ ।

१८.१ आयकर ऐन, २०५८ को दफा ८८ अनुसार रोजगार प्राप्त व्यक्तिको मासिक पारिश्रमिकमा प्रत्येक वर्ष आर्थिक ऐनले तोकेको सिमा भन्दा वढी आय भएमा पारिश्रमिक कर लाग्ने व्यवस्था छ । वार्षिक आयमा २ अधिकृत कर्मचारीको नियमानुसार १५ प्रतिशत पारिश्रमिक कररु.१८,६३२।- लाग्नेमा सो कट्टि गरेको नपाईएकोले असुल गर्नु पर्ने देखिन्छ ।

१८.२ एकै प्रकृतिको कार्य गर्ने विभिन्न सरकारी निकाय बीच समन्वय हुनु पर्दछ । कार्यालयले २३ औ जिल्ला परिषद्बाट निर्णय गराई विभिन्न विद्यालयलाई भवन निर्माण, खेल मैदान एवं फर्निचरमा सहयोग गर्दा जिल्ला शिक्षा कार्यालयसँग समन्वय गरि संचालन गरेको पाईएन । यस बर्ष ६ विद्यालयलाई रु.१३,२१,८००।- खर्च तथा सहयोग गरिएको मा कार्यक्रममा दोहोरोपना आउन नदिने तर्फ ध्यान दिनुपर्दछ ।

१८.४ अर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम ३५ (४) अनुसारचालु बर्षको बजेटबाट आगामि आर्थिक वर्षका लागि अग्रिम खर्च लेख्न नपाईने व्यवस्था रहेकोमा कार्यालयले नेपाल टेलीकमलाई रु.४५,०००।- भूक्तानि गरेको मध्ये रु.२५,०२५।- आगामि आर्थिक बर्षको अग्रिम भूक्तानीगरेको देखीएकोले सो कार्य नियमसम्मत देखिएन ।

१९ **अनुदान** : जिल्लास्थित ३० गाँउ विकास समितिलाई अनुदानवापत रु.८,२९,७८,०४०।-निकासा दिएको सम्बन्धमा देखिएका ब्यहोराहरु :

१९.१ स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (१) तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८ मा गाविसको आन्तरिक लेखापरीक्षण जिल्ला विकास समितिले आर्थिक वर्ष समाप्त भएको ४ महिना भित्र गर्ने व्यवस्था छ । ३०मध्ये ५ गाँउ विकास समितिको आ.ले.प सम्पन्न भएको भएतापनि बांकी २५ को आन्तरीक लेखापरीक्षण आर्थिक बर्ष समाप्त भएको ४ महिनासम्म भएको छैन । साथै विगत वर्षहरुको आन्तरिक लेखापरीक्षण गरेकोमा सो वेरुजुको लगत राखी सम्परीक्षण गर्ने गरेको देखिएन । ऐनको प्रावधान अनुरुप लगत राखि सम्परीक्षण नगराउनाले आर्थिक प्रशासनमा अपेक्षाकृत सुधार हुन नसक्ने हुदा बेरुजुको लगत राखि समयमा फछ्र्यौट र सम्परीक्षण गराउने तर्फ कार्यालयबाट आवश्यक पहल हुनु पर्दछ ।

१९.२ स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४७ मा गाउँ विकास समितिलाई गएको अनुदान रकम मध्ये खर्च नभई बाँकी रहेको रकम संचित कोष फिर्ता गर्नुपर्ने व्यवस्था छ । गाविसको मौजुदा रकममा कोष खाता संचालन अनुदान बाँकी र पूजिगत खाता भनि मौज्दात राखेको छ । साथै गाविसमा प्राप्त मालपोत रकमको २५ प्रतिशत रकम जिविस खातामा दाखिला गरेको समेत पाईदैन । केहि गाविस छनौट गरी गत आर्थिक वर्षको आय व्यय विवरण हेर्दा बुङ्ग,छेस्काम,सल्यान,चौलाखर्कर गोलीगाँउ विकास समितिको आन्तरिक आय नभएको र जिल्ला बिकास समितिबाट दिएको संचालन अनुदान वर्षान्तमा रु.२,०८,३९३/- बाँकी देखिन्छ । तसर्थ अन्य गा.बि.स.को समेत कार्यालयले यकिन गरी संचितकोष दाखीला गर्नुपर्ने देखिन्छ । यसरी उपरोक्त अनुसार ५ बटा गाविसको गत आ.व.को संचित रकम परिक्षण गर्दा कोष खाताहरुमा बिगत बर्षदेखी संचित रकमलाई कोष खाता (ग/४) र पूँजिगत खाता (ग/२-२) खोली संचित राखेको छ भने संचालन अनुदान तर्फको रु.२,०८,३९३।- संचित कोष फिर्ता दाखीला गर्नु पर्नेमा बाँकी राखेको पाईन्छ । यसरी कोष खातामा मौजुदा रकम यकिन गरि र अनुदान रकम तर्फको अन्य २५ गाँउ विकास समितिको समेत यकिन गरि राजस्व दाखिला गर्नुपर्दछ ।

१९.३ ३० गाँउ विकास समितिलाई छुट अनुदान बापत रु.२४,७२,३९०।- निकाशा दिएकोमा तिङ्गला गाँउ विकास समितिलाई रु.९७,५००।- बैक आदेशमा थप गरिसच्याई खर्च लेखीएको हुँदा उक्त रकम सोगाँउ विकास समितिको खातामा जम्मा भएको यकिन भएन ।

२०. **कार्यक्रम संचालन** : निर्वाचन क्षेत्र विकास कार्यक्रममा बार्षिक लक्ष्य अनुसार २ सांसदको २० लाखको दरले निर्वाचन क्षेत्र विकास कार्यक्रम र रु.७५०००००/- दरले पूर्वाधार विकास कार्यक्रम गरि कुल रु.१,९०,००,०००।- बजेट विनियोजन भएकोमा रु १० लाख ५० हजार दोश्रो चौमासिकमा र रु.१७९५००००/- हजार तेश्रो चौमासिकमा खर्च गर्ने गरि कार्यक्रम निर्धारण गरेको देखिन्छ । दोश्रो चौमासिकको मध्यावधि देखि कार्य थालनी गरेकोमा सो चौमासिकमा ११ लाख र तेश्रो चौमासिकमा रु.१७७३३६५०/- खर्च गरेको पाईन्छ । उपरोक्त खर्च परीक्षणबाट देखीएका व्यहोरा निम्न छन :

२०.१ निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ को नियम ५ को उपनियम (२) र (११) अनुसार आयोजना छनौट गर्दा सम्भव भए सम्म एक आर्थिक वर्ष भित्र कार्यान्वय गर्न सकिने रु ७ लाख भन्दा वढी लागतका १०वटा कार्यक्रम छनौट गर्न सकिने उल्लेख छ । यो वर्ष दुवै सभासदवाट १४-१४ योजना छनौट गरी २४ औ जिल्ला परिषदवाट निर्णय नं १८ प्रति योजना रु ७ लाख देखि २० लाख सम्म विनियोजन गरेको देखियो । सो मध्ये एक सभासदको क्र.स. ७ मा रहको एक आयोजना काँकु भेडा चौर उच्च माध्यमिक विद्यालय र महेन्द्रोदय उच्च माध्यमिक विद्यालय सल्यानको भौतिक पूर्वाधारमा खर्च गर्न रु.८०००००/- विनियोजन गरेको देखिन्छ । एउटै योजना छनौट देखिए पनि भौगोलिक दुरी भिन्दा भिन्दै रहेका दुई उच्च माविमा संयुक्त छनौट गरी दामासाहीले खर्च गरेको देखिएको छ ।

निर्देशिका भन्दा वढी योजना छनौट हुनु र एउटै योजना पनि दुई भौगोलिक क्षेत्रको हुने गरी तर्जुमा गरिदा नियमको परिपालना नभएको स्थिति देखिदा निर्देशिककाको अनुशरण गरी आयोजना छनौट तथा कार्यान्वयन गर्न सम्वद्ध निकायले ध्यान दिनु पर्दछ ।

२०.२ निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ को नियम (३) को उपनियम (३)अनुसार कार्यक्रम छनौट गर्दा १ वर्ष भित्र कार्यान्वयन गर्न सकिने ५० हजार भन्दा वढी लागत का वढीमा १२ वटा सम्म कार्यक्रम छनौट गर्न सकिने उल्लेख छ । यस सम्वन्धमा प्राप्त विवरण अनुसार सांसदको रु १ लाख देखि ३ लाख सम्मका १० कार्यक्रम र प्रशासनिक खर्च रु. १ लाख समेत रु २० लाख विनियोजन गरी कार्यक्रम छनौट तथा सञ्चालन गरेको देखियो ।

२०.३ सोलुखोला तुइन्टार माइक्रो हाइड्रो प्रोजेक्टका लागि कुल लागत स्टिमेट रु.२४,८७,४८०।- भएकोमा जिविसबाट यस कार्यक्रममा रु.१९,४०,०००।- ( ३ प्रतिशत भैपरि खर्च कट्टा गरि) भूक्तानी गरेको विद्युतको पोल खरीद गर्दा रु. ६,६०,०००।- हेलिकप्टर चार्टर गरि ढुवानी गरेको दुदुखोला दोभान दोश्रो जलविद्युत आयोजना जुबुलाई रु.१४,५५,०००।- कुल भुक्तानि गरेको देखाएता पनि सो समितिले ट्रकबाट ढुवानी गरि ल्याएकोमा बिल भर्पाइ मानिसले नै ढुवानी गरेको संलग्न देखिन्छ । यसरी बास्तविक लाग्ने एवं भएको खर्च भन्दा फरक कागजात तयार गरि सम्झौता एवं कार्यक्रम अनुसार बजेट निकाशाका लागि विल भर्पाई पुऱ्याउने कार्य गरेको समेत देखिंदा यस्तो प्रबृत्ति निरुत्साहीत गर्न सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्दछ ।

२०.४ वाकु-टाप्टिङ-कुनीखोला विद्युतिकरणका लागि पोल खरीद कार्यक्रममा रु. १४,५५,०००।- भूक्तानि भएकोमा लागत स्टिमेटमा ५२ वटा पोल खरिद गर्ने उल्लेख भएकोमा रकम बचत भई थप ९ पोल खरिद गरेको छ । शुरु माग भन्दा बढी परिमाणमा खरिद गरेकोले आवश्यकताको आधारमा कार्यक्रम संशोधन गरेर मात्र कार्यान्वयन गरिनु पर्दछ ।

२०.५ स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धि नियमावली,२०६४ को नियम १४मा संविधानसभा सदस्यको संयोजकत्वमा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम अनुगमन समिति गठन गरी सो समितिले अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन जिल्ला विकास समितिको कार्यालयमा पेशगर्नुपर्ने व्यवस्था छ । यस कार्यक्रम अर्न्तगत संचालित बिभिन्न कार्यक्रमको नियममा व्यवस्था भए अनुसार समितिले अनुगमन तथा मूल्याङ्कन गरेको देखिएन ।

२१. **सामाजिक सुरक्षा :** यस कार्यक्रममा यो वर्ष रु.८,००,५८,४००।- खर्च भएको छ । लेखापरीक्षण कार्यक्रम अनुसार ३ वटा गाँउ विकास समिति छनौट गरी बितरण भरपाई परीक्षण गरिएको छ । गाँउ विकास समिति तथा नगरपालिकाले सुविधा पाउनेको नाम नामेसीको विवरण पौषको पहिलो हप्ता भित्र जिल्ला विकास समितिमा पठाई सक्नु पर्ने र जिल्ला विकास समितिले मन्त्रालयमा पठाई

मन्त्रालयले वेभसाइट मार्फत सार्वजनिक गर्नु पर्ने व्यवस्था समेत रहेको छ। यस वर्षको सामाजिक सुरक्षा भत्ता भुक्तानी सम्बन्धमा परिक्षण गर्दा देखिएको व्यहोरा निम्न छन ।

२१.१ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ दफा १३(२) मा प्रथम चौमासिक वडादशैं पूर्व आश्विन १ गते,दोश्रो शहिद सप्ताहको समयमा र तेश्रो जेष्ठ १५ गते सम्ममा भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको छ। सम्बन्धित गाँउ विकास समितिले रकम वितरण गरी खडा गरेको भरपाईमा तोकिएकै दिन भत्ता प्राप्त गरेको अवधि खुल्ने विवरण समावेश नगरी प्रथम चौमासिक, दोश्रो चौमासिक तथा तेश्रो चौमासिक अवधि मात्र खुलाएर भरपाई गराउने गरेको पाइयो ।साथै यसरी वितरण गरिने सामाजिक सुरक्षा रकमको नियमित अनुगमन गरी प्रभावकारी भत्ता वितरण व्यवस्थापनका लागि अविलम्ब जिल्ला समन्वय समिति गठन गरी भत्ता वितरणको प्रभावकारी अनुगमन गर्ने गराउनेतर्फ कार्यालयले पहल गर्नुपर्दछ ।

२१.२ सोही कार्यबिधिअनुसार प्रत्येक चौमासिकमा भुक्तानी गरेको रकमको भर्पाई भुक्तानी गरेको ७ दिनभित्र पेश्की फछ्र्यौटको लागि कार्यालयमा पठाउनुपर्ने र कार्यालयले दोस्रो र तेस्रो किस्ता रकम निकासा दिंदा अघिल्लो किस्तामा निकासा भई भुक्तानी गर्न बांकी रहेको रकम कटाएर निकासा दिनुपर्ने, तेस्रो किस्ता पेश्की लिएको रकम आषाढ २१ भित्र फछ्र्यौटको लागि पठाउनु पर्ने र आषाढको २६ भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले सामाजिक सुरक्षा कार्यक्रममा गरेको खर्चमध्ये गोली गाँउ विकास समितिले रु.७,८८,०००।- पेश्की फछ्र्यौट गरेको देखिएन । तोकिएको समयमा फांटवारी पेश गरी पेश्की फछ्र्यौट नगराउनेलाई कारबाही गरी समयमा फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

२१.३ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको अनुसूची–११ बमोजिम भत्ता, वृत्ति र अनुदान पाउनेको अघिल्लो वर्ष अद्यावधिक गरिएको मूल अभिलेखमा समावेश नभएको, मृत्यु वा बसाइसराई भइसकेको र ५ वर्ष पुगिसकेका बालबालिकाको नाममा भुक्तानी गर्न मिल्दैन । कार्यालयले जुभिङ र देउसा गाउं विकास समितिका ८ जनालाई दोहोरो हुने गरी र मृत्यु भएकालाई रु.२८,०००।- भुक्तानी भएको रकम असुल गर्नु पर्दछ ।

२१.४ निर्देशिकाको दफा ११(६)(ग) मा भत्ता रकम वितरण गर्दा परिचय पत्रमा भुक्तानी रकम र अवधि उल्लेख गरी प्रमाणीत गर्नु पर्ने व्यवस्था रहेको छ। सामाजिक सुरक्षा भत्ताको रकम वितरण गर्दा भरपाईको ढांचामा एकरुपता नभएको,भरपाईमा केही गाँउ विकास समितिले परिचय पत्र नं.नखुलाई रकम वितरण गरी औठाछापवाट रकम वुझाएको, अधिकांशलाई हस्ते बुझाएको,हस्ते गरी नाम र नाता खुलाउनुपर्नेमा कुनैमा नाता एवं कुनैमा नाम मात्र उल्लेख गरीएको आधारमा पेश्की फछ्र्यौट गर्ने गरेको समेत पाइएकोले यसमा सुधार हुनु पर्दछ ।

२१.५ सामाजिक सुरक्षा कार्यक्रम संचालन निर्देशिका, २०६९ ले सामाजिक सुरक्षा प्राप्त गर्ने लक्षित समूहको वर्गिकरण र आधार तोकिदिएको छ । निर्देशिकाको दफा ३(घ)(२) नेपाल भरका विपन्न दलित परिवारमा पांचवर्ष मुनिका २ जना वालवालिकाले समेत तोकिएको आधारवाट सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था गरेको छ । जिल्ला विकास समितिलेगाँउ विकास समिति सचिवको नाममा पेश्की पठाई सामाजिक सुरक्षा भत्ता वापत वालवालिकाको नाममा भत्ता वितरण गर्नु अगावै निर्देशिकाको दफा ५ मा तोकिएको छनौट सम्बन्धी आधार पुरा गरी अनुसूची ४ वमोजिमको पारिवारिक लगत पुरा गरी जिल्ला विकास समितिमा पठाई वाल संरक्षण भत्ता प्रदान गरेको पाइएन। यो वर्ष नमूना छनौट गरिएका ३ गाँउ विकास समितिमा वाल संरक्षण भत्ता वापत रकम वितरण गरेको भरपाई परीक्षण गरिएकोमा निर्देशिकाले तोकेको आधार पुरा गरी वडास्तरिय पारिवारिक

लगत,जिल्ला विकास समितिमा विवरण लगत खडा वेगर र ५ वर्ष व्यतित गरिसकेपछि पनि भुक्तानी गरेकोले रु.४,०००।- असुल उपर गर्नुपर्दछ ।

२१.६ सामाजिक सुरक्षा भत्ता वापत तिङ्ला गाँउ विकास समितिले प्रथम किस्तामा ४१९ जनालाई बितरण गरेकोमा युनिसेफ तर्फको राहत रकम ३८२ जनालाई रु.३,०००।- का दरले बितरण गरेको छ । जुभिङ गाँउ विकास समितिमा सामाजिक सुरक्षा भत्ता २८१ जनालाई बितरण गरेकोमा युनिसेफ तर्फ राहत रकम २७५ जनालाई मात्र बितरण गरेको पाईयो । एउटै निकायबाट भत्ता बितरण गरीएको संख्यामा फरक भई सामाजिक सुरक्षा भत्ता युनिसेफ को राहत रकम भन्दा धेरैलाई बितरण गरेको पाईएकोले यस सम्बन्धमा संख्या यकिन गर्नुपर्दछ ।

२२. **पेश्की फछ्र्यौट** : बर्षान्तमा ८ वटा गाँउ विकास समितिको बांकी पेश्की रु.८६,०१,२००।- मा बिभिन्न ७गाँउ विकास समितिको रु.७८,१३,०००।-कार्यालयले फछ्र्यौट गरी मिति २०७३।८।१४ मा अनुरोध गरेकोले परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन :-

२२.१ चौरीखर्क गाँउ विकास समितिलाई प्रथम किस्ता २०७२ असौजमा,दोश्रो किस्ता २०७२ चैत्रमा र तेश्रो किस्ता २०७३ जेठमा दिएकोमा प्रत्येक किस्ताको भत्ता बितरण गरी सोको भरपाई जिल्ला बिकास समितिमा पेश गरेपछि अर्को किस्ता निकासा दिनुपर्नेमा सो नगरी निकासा दिई तिन किस्ताको भरपाई एकै पटक पेश गरी फछ्र्यौट गरेको छ । दलित बालपोषण भत्ता बितरण गरेकोमा भरपाईमा बालबालिकाको जन्म साल,महिना र गते उल्लेख गर्नुपर्नेमा साल मात्र उल्लेख गरेको, केहि लाभग्राहीको भत्ता बैंक खातामा पठाईएकोमा बैंक पठाईएका लाभग्राहीको विवरण संलग्न गरी नराखेकोले विवरण खुल्ने प्रमाण राख्नु पर्दछ ।

२२.२ नेचांबेतघारीगाँउ विकास समितिले तेश्रो किस्ता भत्ता बितरण गरी रु.१३,१९,६००।- भरपाई पेश गरे बमोजिम कार्यालयले २०७३।०७४ मा सो पेश्की रकम फछ्र्यौट गरेको पाईयो । गा.बि.स. बाट पेश भएको भरपाई परीक्षण गर्दा ४६२ जनालाई बितरण गरेकोमध्ये ४६ जनाको रु.१,४२,४००।- भरपाई बिबरणमा रकम बुझेको दस्तखत तथा औंठाछाप भएको देखिएन । यसरी कार्यालयले भत्ता बितरणको भरपाई चेकचांज गरेर पेश्की फछ्र्यौट गर्नुपर्नेमा सो नगरी दस्तखत बिनाको भरपाईको आधारमा फछ्र्यौट गरेको पाईएकोले उक्त रकम सम्बन्धितबाट असुल फछ्र्यौट हुनुपर्दछ ।

२३. **पारिश्रमिक कर** : स्थानिय शासन र सामुदायिक बिकास कार्यक्रम आयकर ऐन,२०५८ को दफा ८७ अनुसार पारीश्रमिक कर कट्टा गर्नुपर्नेमा स्थानीय शासन र सामुदायिक विकास कार्यक्रमका एक स्वयंसेवकको वार्षिक आम्दानी रु.४,७३,०००।- मा लाग्ने पारिश्रमिक कर रु.२८,३७५।- दाखिला हुनुपर्दछ ।

२४. **खर्चको प्रमाण** : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ को उपनियम (३) मा कार्यालयले खर्च लेख्दा खर्चका बिल भरपाई संलग्न गरी प्रमाण पुष्ट्याई समेत प्रर्याप्त आधार भएमा मात्र खर्च लेखिनुपर्ने व्यवस्था छ । सामुदायिक विकास कार्यक्रमबाट ६ वटा नागरिक सचेतना केन्द्रलाई साना पूर्वाधार निर्माणका लागि सर्शत अनुदानको रुपमा रु.१८,२५,०००।- सम्बन्धित गाँउ विकास समितिलाई आर्थिक वर्षको अन्त्यमा निकासा दिएको अनुदानको बिल, भरपाई, प्रगति प्रतिबेदन लगायतका प्रमाण पेशभएन ।

२५. **वैठक भत्ता भर्पाइ** : स्थानीय निकाय सशर्त अनुदान अन्तर्गत ३० वटा गाँउ विकास समितिको प्रत्येक गाँउ विकास समितिका सबै वडामा मासिक बैठक सञ्चालनको लागि एउटा बैठकको रु.५००।- का दरले एक गाँउ विकास समितिको रु.५,४००।- ले हुने रु.१६,२०,०००।- खर्च लेखेको

छ । उक्त रकम ३० वटा गाँउ विकास समितिका सामाजिक परीचालकले एकमुष्ट रुपमा बुझेको देखिएकोले वडा स्तरमा बितरण गरेको भरपाई पेश हुनुपर्दछ ।

२६. **कार्य सम्पन्न प्रमाण :** स्थानियस्तरका शान्ति समितिको कार्यक्रम कार्यान्वयन सम्बन्धि मार्गदर्शन,२०७० अनुसार अख्तियारी प्राप्त निकायबाट कार्यक्रम सञ्चालनको लागि पेश्की प्राप्त गरी सम्बन्धित शिर्षकमा खर्च गरेको बिल,भरपाई समेत निर्धारित ढांचामा कार्य सम्पन्न प्रतिबेदन तयार गरी पेश गर्नु पर्ने व्यवस्था गरेको छ । यो वर्षको कार्यक्रमबाट ३० गाँउ विकास समितिका शान्ति समितिलाई रु.२१,८००।- को दरले रु.६,५४,०००।- उपलव्ध गराएको रकमबाट कार्य सम्पन्न भएको प्रमाण पेश हुनु पर्दछ ।

२७. **खर्चको प्रमाण :** उपभोक्ता समिति जिल्ला बिकास समितिसम्म आई सम्झौता गरी निकासा लिंदा खर्चिलो हुने कारण जनाई २०७३ आषाढ २५ गतेसम्म काम सम्पन्न गरी सो को बिल, भरपाई लगायतका प्रमाण जिल्ला बिकास समितिमा पठाउने शर्तमा ३ गाँउ विकास समितिहरुको खातामा पेश्की नजनाई रु. २,५०,०००।–निकासा दिएकोमा लेखापरीक्षण अवधिसम्म बिल भरपाई एवं प्रमाण पेश नभएकोले सो खर्चको प्रमाण पेश हुनुपर्दछ ।

२८. **पारिश्रमिक कर :** आयकर ऐन,२०५८ अनुसार पारीश्रमिक कर कट्टा गर्नुपर्नेमा ड्रिलिप कार्यक्रमका एक प्राबिधिक अधिकृतको पारिश्रमिक कर रु.८,१३०।- असुल नगरेकोले कट्टी गरी दाखिला गर्नु पर्दछ ।

२९. **बढी भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की दिने र फछ्र्यौट गर्ने सम्वन्धि व्यवस्था गरेको छ । एक कार्यक्रम ईन्जिनियरले रु.२,००,०००।- पेश्की लिई कर्मचारी क्षमता बृद्धि तालिम २०७२/१२/२० देखि २०७३/१/४ सम्म १५ दिन संचालन गरेको जनाई पेश्की फछ्र्यौट गरेकोमा तालिम कार्यक्रम संलग्न गरेको छैन । अर्थ मन्त्रालयको नर्म्स अनुसार विभिन्न तालिम गोष्ठीमा सहभागी बाह्य प्रशिक्षकलाई प्रति कक्षा रु.१,५००।-,स्टेशनरीमा प्रति सहभागी रु.१००।- र मसलन्द एकमुष्ठ रु.१,०००।-खर्च लेख्न पाइने व्यवस्था छ । कार्यालयले स्टेशनरीमा सहभागी ७ जनाको रु.७००।- र मसलन्द रु.१,०००।- गरी रु.१,७००।- खर्च लेख्न पाउनेमा रु.२१,०८०।- खर्च लेखेकोले बढी खर्च लेखेको रु.१९,३८०।- तथा प्रशिक्षक भत्ता २ जनालाई १५ दिनको रु.२२,५००।- का दरले दिनुपर्नेमा दुई प्रशिक्षकलाई नर्म्स भन्दा बढी खर्च लेखेको रु.१,२४,३८०।- असुल गर्नुपर्दछ ।

३०. **प्रशासनिक खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत वजेटको परिधिभित्र रही कर, सेवा शुल्क, दस्तुर र भाडावाट उठाएको कुल रकमको रु.२५,००,०००।- सम्म आम्दानी हुने जिल्ला विकास समितिले अधिकतम ६० प्रतिशत सम्म प्रशासनिक खर्च गर्न पाउने व्यवस्था छ । यस वर्ष समितिको आन्तरीक स्रोत तर्फ रु.९,२२,१३३।५० रहेको र सो को ६० प्रतिशत ले हुने रु.५,५३,२८०।- सम्म खर्च गर्न पाउनेमा रु.६,९३,०६९।- खर्च गरेको देखिन्छ । आन्तरीक आयवाट तोकिएको सिमाभन्दा रु.१,३९,७८९।- वढी खर्च गरेकोले नियमको पालना गरी खर्च गर्नु पर्दछ ।

३१. **पेश्की :** गरिवि निवारण कोष कार्यक्रम अन्तर्गत संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट ड्राफ्ट मार्फत रु २ लाख बजेट प्राप्त गरेकोमा अनुगमन खर्च रु.१,२५,०००।- र व्यवस्थापन खर्च रु.७५,०००।- गर्ने उल्लेख छ । कार्यालयले फर्निचरमा रु.७५,७५०।-, बैठक खर्च रु. २८,०००।- र अनुगमन खर्चमा रु. ५४,०००।- पेश्की खर्च गरेको देखिन्छ । बर्षान्तमा कार्य प्रबन्धकलाई दिएको

अनुगमन पेश्की आर्थिक बिबरणमा र पेश्की बांकी विवरणमा नदेखाई रु.५४,०००।-खर्च लेखेको रकम असुल फछ्र्यौट हुनुपर्दछ ।

३२. **धरौटी** : आर्थिक कार्यविधि नियमावली, २०६४ तथा अर्थ मन्त्रालय आन्तरीक राजस्व विभागको परिपत्र अनुसार धरौटि फिर्ता दिँदा आयकर चुक्ता प्रमाणको अतिरीक्त मूल्य अभिबृद्धि कर समायोजनसमेतको प्रमाण संलग्न हुनु पर्दछ । कार्यालयले बिभिन्न ६ वटा आपूर्तक एवं निर्माण व्यवसायीलाई रु.२४,२०,५७८।४२ धरौटी रकम फिर्ता दिदाँ मूल्य अभिबृद्धि कर समायोजन भएको प्रमाण संलग्न नभएको हुँदा सो प्रमाण पेश हुनुपर्दछ ।

३३. **जनसहभागिता :** नेपाल पर्यटन बोर्डबाट प्राप्त कार्यक्रम अनुसार सोलुखुम्बु जिल्लाको ३ कार्यक्रमको लागि कुल रु.४५ लाखको अख्तियारी प्राप्त भएकोमा विभिन्न ३ वटा उपभोक्ता समितिबाट कार्यक्रम संचालन गराएको छ। पर्यटन बिभागबाट जारी भएको उपभोक्ता समितिबाट पर्यटन पुर्वाधार बिकास निर्माण सम्बन्धि कार्य गराउने कार्यबिधि,२०७१ मा भएको व्यवस्था अनुसार कार्य गराउनु पर्नेमा कार्यालयबाट उपभोक्ता समितिबाट उक्त कार्य गराउंदा निम्नानुसारको प्राबधान पालना गरेको पाईएन ।

३३.१ लागत अनुमान,ठेक्का बिल,नापी किताब र कार्य सम्पन्नमा कार्याल प्रमुखबाट स्विकृत नभएको, उपभोक्ता समितिले लागत अनुमानको ३० प्रतिशत योगदान गर्नुपर्नेमा पि.के.पिक ट्रेकिङ ट्रेल निर्माण (लिखुखोला–गोली–गेप्चुक नउर हुदैं) मा २१ प्रतिशत, खोरदो, फुलाम, मुछी लोनाममट्टी वातेममा हुदै सेली पोखरी जाने पदमार्ग सुधारमा २९ प्रतिशत र पात्तले नगर पर्यटकीय बिकासमा १४ प्रतिशत गरेको देखिएकोले समान रुपमा कार्यबिधिले तोके अनुरुप योगदान गरेको नदेखेको, उपभोक्ता समितिले निर्माण सम्पन्न गरीसके पछि स्थानिय बासिन्दाको भेलाबाट सार्वजनिक परीक्षण गराई अन्तिम किस्ता रकम उपलव्ध गराउनु पर्नेमा सार्वजनिक लेखापरीक्षण गरेको प्रमाण बिनानै अन्तिम किस्ता रकम भूक्तानी दिएको तथा सम्पन्न योजना उपभोक्ता समितिलाई हस्तान्त्रण गर्नुपर्नेमा सो गरेको नपाईएको हुंदा कार्यबिधिमा व्यवस्था भएको प्राबधान पालना हुनुपर्दछ ।

३३.२ आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम २० तथा २५ मा अनुसुची-२ को ढांचामा चौमासिक तथा बार्षिक प्रगती प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले नेपाल पर्यटन बोर्डबाट प्राप्त रकम रु.४५ लाख प्राप्त गरी खर्च गरेकोमा प्रगति प्रतिबेदन तयार गरेको पाईएन । लक्ष्य प्रगति विवरण तयार नहुँदा निर्धारित समयमा उद्धेश्य अनुरुप खर्च रकमको पारदर्शिता कायम नहुने हुदां सुधार हुनुपर्दछ ।

३४. **समपुरक कोष :** सडक बोर्डबाट प्राप्त रु.१९,११,४२९।- रकम खर्च गर्ने सम्बन्धमा कार्यालयको २३ औं जिल्ला परिषदको निर्णय नं.२५ बाट बिभिन्न ५ वटा सडक स्तरन्नोती गर्ने निर्णय भए बमोजिम ८० प्रतिशत सडक बोर्ड र २० प्रतिशत जिल्ला बिकास समितिले व्यहोर्ने म्याचिङ फण्ड समेत समाबेश गरी खर्च गर्नु पर्नेमा म्याचिङ फण्ड सडक बोर्डमा खर्च गरेको देखिएन । यो वर्ष मर्मत गरिएका सडकको ईस्टिमेट, ठेक्का बिल, कार्यसम्पन्न, नापी किताबमा कार्यालय प्रमुखबाट प्रमाणित नभएको,चेनेज समेत खुलाएको पाईएन एवम सडक बोर्डको चालु वर्षको बार्षिक लक्ष्य अनुसारको प्रगति प्रतिबेदन तयार गरेको छैन ।

३५. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ वमोजिम सेवाशुल्क, परामर्श शुल्क भुक्तानी गर्दा भुक्तानी रकममा अग्रिमकर कट्टा गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ। उर्जा तथा वातावरण शाखाले जिल्लाका ३४ गाँउ विकास समितिहरुमा सुधारिएको चुलो कार्यक्रम संचालन गर्ने कार्यक्रमको सचेतना, उप्रेरणा, सुपरीवेक्षण र प्राविधिक रेखदेखको कार्य गर्न गैर सरकारी संस्थासंग २०७०।१२।१

देखि २०७४।९।१६ सम्मको लागि परामर्श सेवा लिने गरी सम्झौता र सोही आधारमा यो वर्ष भुक्तानी दिएको रु.८,१३,०२५।- मा लाग्ने अग्रिम कररु.१,२१,९५४।-कट्टी नगरेकोले छुट कर असुल गर्नु पर्दछ ।

३६. **भत्ता वितरण :** केन्द्रिय पंञ्जीकरण बिभागको २०७२।४।६ राहत रकम बितरण गर्ने अख्तियारी बमोजिम युनिसेफ कार्यक्रममा निकासा भएको रु.३,०२,५२,०००।- मध्ये यो वर्ष रु.२,५६,२९,०००।- खर्च भई बांकी रु.४६,२३,०००।- युनिसेफ पुल्चोक, ललितपुरमा फिर्ता पठाएको छ । कार्यालयले मातहतका ३० गाँउ विकास समिति र १ नगरपालिकालाई २०७२ असौज महिनामा पेश्की दिई सम्बन्धित गाँउ विकस समितिले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक,दलित ८५४३ जनालाई रु.३,०००।- का दरले रु.२,५६,२९,०००।- बितरण गरी कार्यालयमा भरपाई पेश गरेको पाईयो । नमूना छनौट गरी ८ वटा गा.बि.स.को रु.९०,९०,०००।- (३५.४७ प्रतिशत) भरपाई परीक्षण गर्दा निम्नानुसार देखिएको छन् :

३६.१ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधिको अनूसुची-११ बमोजिम भत्ता बितरण गर्दा मूल अभिलेखमा समाबेश नभएको, मृत्यु वा बसाई सराई भईसकेको र ५ वर्ष पुगेको वालवालिकाको नाममा भुक्तानी गर्न मिल्दैन । खर्चलाई पुष्ट्याई हुने प्रमाण भरपाई यर्थाथपरक हुनुपर्दछ ।

३६.२ देउसा गा.बि.स.ले राहत भत्ता बितरण गरी भरपाई पेश गरेकोमा १९८ जनालाई बितरण गरिएको भरपाईमा रु.२,०००।- लाई सच्याई रु.३,०००।- बनाएको पाईएकोले बढी रकम असुल गर्नुपर्दछ ।

३६.३ तिङ्ला गा.बि.स.वडा नं.८ का जेष्ठ, बिधवा महिलालाई राहत भत्ता बितरण भएकोमा एउटा पाना (पाना नं. उल्लेख नभएको) मा ९ जनालाई रु.३,०००।- का दरले बितरण भएको जनाई रु. २७,०००।- खर्च जनाईएकोमा ८ जनाको रु२४,०००।- मात्र भरपाई रहेकोले बढी पेश्की फछ्र्यौट गरेको रु.३,०००।- असुल हुनुपर्दछ ।

३६.४ सल्यान गाँउ विकास समितिले रु.१७,०४,०००।- पेश्की लिई राहत भत्ता बितरण गरेकोमा बितरण गरेको भरपाईमा परीचय पत्र नं.उल्लेख गरेको छैन । बितरण गरेको भरपाईमा भन्दा बढी पेश्की फछ्र्यौट गरेको रु.३१,०००।- असुल गरी फिर्ता दाखिला हुनुपर्दछ ।

३६.५ जुभिङगाँउ विकास समितिले २७५ जनालाई राहत भत्ता बितरण गरेकोमा बालबालिका बाहेक २४३ जनामध्ये ५७ जनालाई, सोताङ गा.बि.स.ले ५११ जनालाई राहत भत्ता बितरण गरेकोमा बालबालिका बाहेक ४३९ जनामध्ये ९६ जनालाई र जुवु गाँउ विकास समितिले ३३१ जनालाई राहत भत्ता बितरण गरेकोमा बालबालिका बाहेक ३०० जनामध्ये ९८ जनालाइ हस्ते गरी बुझाएको छ । हस्ते बुझाईएकोमा भत्ता पाउने व्यक्तिसंग बुझिलिने व्यक्तिको नाता खुलाएको र केहीमा नाम समेत उल्लेख गरेको छैन । बास्तबिक व्यक्तिले बुझेको पुष्ट्ई हुने अभिलेख राखी कार्यक्रमको प्रभावकारीता अभिबृद्धि गर्नुपर्दछ ।

३६.६ सोताङ गाँउ विकास समितिले २०७२।६।१२ मा रु.१५,७२,०००।-र बुङगाँउ विकास समितिले २०७२।६।१४ मा रु.८,२२,०००।-पेश्की लिई राहत भत्ता बितरण गरेकोमाबितरण गर्ने अवधि भन्दा अगावै ५ वर्ष पुगीसकेका दलित बालबालिकालाई समेत बितरण गरेको भरपाई पेश गरेको आधारमा पेश्की फछ्र्यौट गरेको पाईयो । साथै सोताङ् गाँउ विकास समितिको सि.नं.४ र ५ मा उल्लेख गरिएको बालबालिकाको नाम र जन्ममिति  एउटै भएकोले यकिन गर्नुपर्ने देखिन्छ । यसरी ५ वर्ष अवधि पुगिसकेका बालबालिकालाई बितरण गरेको सोताङगाँउ विकास समितिको रु.४८,०००।-

,बुङ्गगाँउ विकास समिति को रु.३०,०००।- र नेचा बतासे गाँउ विकास समितिको रु.६,०००।- गरी जम्मा रु.८४,०००।- सम्बन्धितबाट असुल हुनुपर्दछ ।

३६.७ सोताङगाँउ विकास समितिले राहत भत्ता बितरण गरी पेश गरेको भरपाईमा पेश्की फछ्र्यौट गरिएको रकम भन्दा कम भरपाई पेश गरेकोले रु.२१,०००।-असुल गरी फिर्ता दाखिला हुनुपर्दछ ।

## सिंचाई बिकास सबर्थडिभिजन कार्यालय

१. **पेश्की बांकी:–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ बमोजिम सिंचाई कुलो निर्माण कार्य गर्ने एक निर्माण व्यवसायीलाई दिएको मोबिलाईजेशन पेस्की रु.१५,८०,०००।- फछ्र्यौट हुनुपर्दछ ।

## जिल्ला शिक्षा कार्यालय

१. **अनुगमन :** पि.सि.एफ.वापतको रकम गणना गर्दा अघिल्लो शैक्षिक सत्रको अन्तमा विद्यालयले पेश गरेको फल्यासदोश्रो मा भएको विद्यार्थी संख्या वा चालु शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थी संख्या मध्ये जुन कम हुन्छ सो संख्यालाई आधार मान्नु पर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन निर्देशिकाले गरेको छ । कार्यालयले यस वर्ष पि.सि.एफको बिभिन्न तहको रकम वापत रु.३३,८४,०००।- विभिन्न ७० विद्यालयलयको बैंक खातामा निकासा दिएको पाईयो । पि.सि.एफ.स्यालरी समेतको रकम वितरण गर्न जिल्ला शिक्षा समितिको २०७३।३।२० मा बसेको बैठकमा पेश गरेको वितरणको आधारमा कार्यालयले विद्यालयबाट प्राप्त प्रमाणित फल्यास दोश्रो तथा शिक्षक विद्यार्थी अनुपात उच्च रहेका विद्यालय र पि.सि.एफ. निर्देशिका,२०६६ पहिलो संशोधन नियम ६.८ समेतको आधार देखाएको छ । जिल्ला शिक्षा समितिको उक्त बैठकबाट पि.सि.एफ. स्यालरी रकमको उच्चतम सदुपयोग भए नभएको सम्बन्धमा श्रोत व्यक्ति र विद्यालय निरीक्षकले अनुगमन गर्ने गरी निर्णय भएको समेत देखिएको छ । निर्देशिकाले तोकेको आधार (जुन संख्या घटी) लाई फरक गरी तथा समितिको निर्णय अनुसार उच्चतम सदुपयोग भए नभएको अनुगमन गर्नु पर्दछ ।

२. **छात्रबृतिको अभिलेख :** कार्यालयले यस वर्ष सम्बन्धित विद्यार्थीहरुले प्राप्त गर्ने गरी विद्यालय खातामा पठाएको विभिन्न छात्रवृति तथा अन्य अनुदान रकम र नि:शुल्क पाठ्यपुस्तक तथा नन स्यालरी पि.सि.एफ. वापतको रकम समेत निकासा पठाई कार्यक्रमको प्रगति शतप्रतिशत देखाएको पाईयो । तालुक निकायको निर्देशन अनुसार छात्रवृति वितरणको भरपाई,छात्रवृति प्राप्त गर्ने विद्यार्थीको नाम नामेसी सहितको विवरण र नि:शुल्क पाठ्यपुस्तकको अभिलेख खडा गरी राख्ने गरेको पाईएन । रकम निकासा पठाउदाफल्यासप्रथम र फल्यासदोश्रो को आधारबाट विद्यार्थी संख्या उल्लेख गर्ने गरेको भएतापनि निकासा पठाएपछि त्यस्तो रकमबाट भएको कामको अभिलेख खडा गरी तोकिए बमोजिम राख्ने व्यवस्था हुनुपर्दछ ।

३. **चौमासिक पूंजीगत खर्च :** स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा कार्यक्रम संचालन गर्नु पर्नेमा कार्यालयले गरेको पूंजीगत खर्च मध्ये तेश्रो चौमासिकमा४५.९७ प्रतिशत र आषाढमा ३८.४३ प्रतिशत खर्च गरेको पाईयो । नियममा भएको व्यवस्था अनुसार समयमै खरिद व्यवस्थापन तथा कार्य संचालन गर्नु पर्दछ ।

४. **अध्ययन केन्द्र अनुदान :** वर्षिक कार्यकम अनुसार सामुदायिक अध्ययन केन्द्र सुद्धढीकरण कार्यमा ३ वटा विगतमा सुविधा नपाएका, मुल्यांकनमा उत्कृष्टलाई फर्निचर जडान आदीको व्यवस्था गर्न रु. ५०,०००।- दिंदा सो रकमबाट गर्ने कार्यको विवरण लिने र तोकिएको समितिबाट मुल्यांकन

गरी रकम दिने व्यवस्था समेत निर्देशिकाले गरेको छ । यस अनुसार बिभिन्न ३ वटा सामुदायिक अध्ययन केन्द्रलाई रु. ५०,०००।- दरले रकम निकासा दिएकोमा निर्देशिकामा उल्लेख भएअनुसारका कार्य सम्पन्न भएको प्रतिवेदन प्राप्त भएको छैन । तिन सामुदायिक अध्ययन केन्द्रबाट तोकिएको मापदण्ड,संख्या, प्रमाण आदीको प्रतिवेदन प्राप्त नभएकोले सो प्रमाण पेश हुनु पर्दछ ।

५. **सामुदायिक विद्यालय क्षमता अभिबृद्धि :** गार्मा मा.बि.गार्मालाई स्विकृत कार्यक्रम अनुसार बिभिन्न मितिमा एकमुष्ठ रुपमा रु.१७,५९,७००।- कृषि कक्षा संचालनका लागि ४ जना प्रशिक्षकलाई तलबमा रु.१३५४०००/- प्राबिधिक भत्तामा रु.१२००००/- ल्याब ब्वाई प्रशिक्षण सहायकमा रु.१८३०००/- बिद्यार्थीलाई ओजिटीको लागि रु.२३२०००/- हजार,ल्याब सामाग्रीको लागि रु.१०००००/- लगायतको लागि विद्यालयको खातामा निकासा दिएको देखिन्छ । उपलब्ध गराईएको रकमबाट बिद्यालयले तोकिएको कार्यक्रममा खर्च नगरी खाजाको बिल रु.१,१३,८००।- र बिभिन्न सामान खरिदमा रु.२,२८,०००।-खर्च गरेको पाईएकोले तोकिए अनुसार खर्च नगरी कार्यक्रम बिपरित खर्च गरेको पाईयो । यस सम्बन्धि देखिएका व्यहोराहरु निम्नानुसार छन :-

५.१ बिद्यालयका मा.बि.तृतियका प्रशिक्षक २ जना र नि.मा.बि.तृतियका प्रशिक्षक २ जना गरी ४ जनालाई प्राबिधिक भत्तामा रु.६०,०००।- का दरले बार्षिक रु.१,२०,०००।- बजेट व्यवस्था भई निकासा भएको छ। मा.बि.का प्रशिक्षकलाई रु.७२,०००।- र नि.मा.बि.का प्रशिक्षकलाई ६०,०००।- गरी जम्मा रु.१,३२,०००।- बितरण माग फाराम पेश गरेको पाईयो । तर नि.मा.बि.मा दोश्रो चौमासिकको शुरुमै १ जना प्रशिक्षकले छाडी पुन नियुक्ति गर्दा तेश्रो चौमासिक अर्थात २०७२ चैत्र १ गते नियुक्ति भएकोले नि.मा.बि.को प्राबिधिक भत्ता वापत रु.४८,०००।- मात्र तथा मा.बि.को लागि रु.६०,०००।- गरी जम्मा रु.१,०८,०००।- निकासा हुनुपर्नेमा रु.१,३२,०००।- निकासा भएकोले रु.२४,०००।- बढी खर्च लेखेको असुल हुनुपर्दछ ।

५.२ बिद्यालयका नि.मा.बि.तृतियका सहायक प्रशिक्षक २ जनालाई तलबमा बार्षिक रु.५,१२,८००।- बजेट व्यवस्था भई निकासा भएको छ। नि.मा.बि.का सहायक प्रशिक्षक दोश्रो चौमासिकको शुरुमै १ जना प्रशिक्षकले छाडी पुन नियुक्ति गर्दा तेश्रो चौमासिक अर्थात २०७२ चैत्र १ गते नियुक्ति भएकोले नि.मा.बि.को तलब अनुपातिक रुपमा रु.४,२७,३३३।- मात्र निकासा हुनुपर्नेमा रु. ५,१२,८००।- निकासा भएकोले रु.८५,४६७।- बढी खर्च असुल हुनुपर्दछ ।

५.३ कार्यक्रममा ल्याब ब्याई प्रशिक्षण सहायकलाई रु.१,८३,७००।- बार्षिक बजेट व्यवस्था भई निकासा भएकोमा बिद्यालयले ल्याब ब्याई नियुक्ति गरेको र निजलाई बितरण गरेको भरपाई पेश नगरी सो रकम सम्पूर्ण खाजा र बिभिन्न सामान खरिद गरेको बिल भरपाई मात्र पेश गरेको पाईएको हुंदा नियमसम्मत देखिएन ।

५.४ आयकर ऐन, २०५८ अनुसार खाजा वापत रकम भुक्तानी गर्दा अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । ओजिटी गरिरहेका बिद्यार्थीको सुपरीक्षणवेक्षण तथा अनुगमन वापत खाजा खर्चमा ६ जना शिक्षक तथा कर्मचारीलाई रु.५९,२००।-नगद भुक्तानी दिएकोमा अग्रिम कर रु.८,८८०।- कट्टा नभएकोले असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

६. **विल भर्पाइ :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ (३) मा कार्यालयले खर्च लेख्दा खर्चका बिल भरपाई संलग्न गरी प्रमाण पुष्ट्याई समेत प्रर्याप्त आधार भएमा मात्र खर्च लेखिनुपर्ने व्यवस्था छ । शिक्षा मन्त्रालयको २०७३।३।२१ अख्तियारी बमोजिम एक प्रा.बि.लाई बिद्यालय व्यवस्थापन समितिबाट निर्णय गरी कार्य गर्न पूंजीगत सर्शत अनुदान वापत दिएको रु.३,००,०००।- को लेखापरीक्षण अवधि २०७३।८।१३ सम्म बिल,भरपाई तथा प्रगति बिबरण प्राप्त भएको छैन ।

७. **शिक्षक तलब निकासा** : कार्यालयलाई प्राप्त बजेट खर्च अख्तियारीको निर्देशिका २०७२।०७३ को नं.२८ मा सामुदायिक विद्यालयले शिक्षकको तलब भत्ता भुक्तानी दिदा अनिवार्य रुपमाराष्ट्रिय स्तरको बैंकमा खाता खोल्न लगाई सोही खातामा तलब भत्ता जम्मा हुने व्यवस्था मिलाउनु पर्ने गरी तोकिदिएको छ । कार्यालयले विद्यालयका शिक्षकको नाममा तलब भत्ताको रकम निकासा गर्दा विद्यालयको माग फारमको आधारमा सम्बन्धित विद्यालयको खातामा एकमुष्ठ निकासा गरेको पाईयो । एकमुष्ठ निकासा गरी पठाएको देखिएतापनि अधिकांश विद्यालयले शिक्षक तलब खातामा जम्मा नगरी नगदै बुझाउने गरेको पाईयो । बिभागीय नीति निर्देशनको पालना गरेर मात्र कार्य गराउनु पर्दछ ।

८. **जिल्ला शिक्षा समितिकोष** : योवर्ष  शिक्षा सेवा आयोगबाट प्राप्त आम्दानीरु.१,७७,८८४।- भएकोमा सो खर्चको आर्थिक विवरण तथा सोको सक्कल बिल भरपाई लेखापरीक्षणमा पेश भएको छैन ।

९. **राजस्वतर्फ** : आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम १० बमोजिम राजश्व आर्जन गर्ने कार्यालयले राजस्वको श्रेस्ता म.ले.प.ले तोकिदिएको ढांचामा राखी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा सञ्चित कोष दाखिला हुने र शिक्षा समितिमा प्राप्त हुने राजस्व आम्दानीको कारोबार र लेखा (म.ले.प.फा.नं.१०८ र १०९) को ढांचामा राखी गोश्वरा भौचर खडा गरी कारोबार गर्ने गरेको नपाईएकोले अनिवार्य रुपमा तोकिएको ढांचामा श्रेस्ता खडा गरी राख्नु पर्दछ।

१०. **कार्य सम्पन्न प्रतिवेदन** : कार्यक्रम कार्यान्वयन निर्देशिका,२०७२ तथा बजेट खर्चको अख्तियारी निर्देशन २०७२।०७३ नं. १८ बमोजिम विद्यालयलाई निकासा दिएको भौतिक पूर्वाधार निर्माण तर्फको रकम खर्च गरी कार्य गराउदा निर्माण कार्यको कार्यसम्पन्न खडा गराउनु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्षको स्वीकृत कार्यक्रम अनुसार क्रमागत विद्यालय भवन मर्मत कार्यक्रम, विद्यालय भवन निर्माण, छात्रा शौचालय, कक्षा कोठा मर्मत कार्यमा विद्यालयलाई निकासा दिएकोमा लेखापीक्षण अवधिसम्म सम्बन्धित विद्यालयको व्यवस्थापन समितिबाट निर्माण कार्य सम्पन्न भएको विवरण अभिलेख तथा कार्य सम्पन्न प्रतिबेदन सहित निकासा दिएको रकम रु.११,५४,२५,०००।- का तोकिएको कार्यमा खर्च भएको प्रमाण पेश भएन ।

## स्थानीय विकास कोषको सचिवालय

१. **कार्यक्रम संचालन** : स्थानीय बिकास कोष नियमावली,२०५६ तथा निर्देशिका अनुसार कार्यालयले बिउ पूंजी लगानी गर्न र सो बाट गाउघरमा आय आर्जनको कार्यक्रम बृद्धि गराई न्यून आय भएका जनताको जिवनस्तर उकास्नको लागि जिल्ला बिकास समितिबाट कार्यक्रम स्विकृती गराई कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयको गांउ बिकास कार्यक्रम अन्तर्गत आर्थिक वर्षको अन्त्यमा रु.३७,४१,१६८।– मौज्दात रहेकामा यो वर्ष फर्निचर खरिद, कार्यालय सहयोगीको अवकास भुक्तानी र दैनिक भ्रमण खर्च मात्रै गरेको देखिन्छ । कार्यक्रम संचालन गर्ने पूंजी रकम मौज्दात रहेपनि कार्यालयले उद्देश्य अनुरुप कार्यक्रम संचालन नगर्दा पूंजी परिचालन हुन नसकि निस्कृय रहेकोले कार्यालयको कार्यसम्पादन स्थितीमा प्रभावकारीता ल्याई लक्षित उद्देश्य हासिल गर्नु पर्दछ ।

२. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८८ अनुसार भुक्तानी रकममा अग्रिम कर कट्टा गरीएको रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ । कार्यालयले भुक्तानीमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला नगरेको रु.५,१४१।- राजस्व दाखिला गर्नुपर्दछ ।

# जिल्ला स्वास्थ्य कार्यालय

१. **कार्यक्रमको प्रभावकारीता :** कार्यालयको स्विकृत बार्षिक कार्यक्रम अनुसार परिवार नियोजन कार्यक्रम तर्फको बार्षिक लक्ष्य २५ जना तोकी रू.१६८०००।०० कार्यक्रम बजेट स्विकृत भएकोमा उक्त कार्यक्रम संचालन गर्न परिवार नियोजन सुपरभाइजर मार्फत क्याम्प संचालन गर्दा रू.१,५१,०५०।०० खर्च गरी पेश्की फछ्र्यौट गरेको देखिन्छ । यस कार्यक्रमको प्रगति लक्ष्यको तुलनामा ८ प्रतिशत मात्र भएको देखिएको छ । कार्यक्रम संचालन गर्न पेश्की दिई ३ स्थानमा क्याम्प खडा गरी अन्य खर्च तर्फको रकम खर्च गरेपछि शिविरमा सेवाग्राही नै नआएको र कार्यक्रम संचालन गर्न जाने कर्मचारीको भ्रमण खर्च तथा अन्य खर्च गरेको पाईयो । बिगत वर्षको अनुभव तथा सेवाग्राहीको आबश्यकता पहिचान नगरी यस प्रकारका कार्यक्रम स्विकृत गर्ने कार्यमा तालुक निकायले समेत ध्यान पुऱ्याउनु पर्दछ ।

२. **खरिद व्यवस्थापन :** आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम २०(३) मा ठेक्का स्वीकृत गर्ने कार्य प्रथम चौमासिक भित्र तोकिएको प्रक्रिया र अवधिमा खरिद कार्य व्यवस्थापन गर्नुपर्दछ। यो वर्ष कार्यालयले औषधी तथा सर्जिकल सामान खरिद सम्बन्धि कार्य गर्न एउटा बोलपत्र माग गरी रू.२८,८६,४२७।०० खर्च गरेको छ । दरभाउपत्रको माध्यमबाट फर्निचर, न्यानोझोला, ऱ्याक र ब्ल्यांकेटमा रू.३२,०४,३४०।००, अस्पताल भवन मर्मत सुधारमा रू.९,३७,८५४।०० र अन्य खरिद कार्य सोझै खरिदको माध्यमबाट गरेको पाईयो । लागत अनुमान सम्बन्धि कार्य दोश्रो चौमासिकमा शुरू गरे पनि खरिद सम्झौता तथा ठेक्कापट्टाबाट सेवा तथा सप्लाई कार्य तेश्रो चौमासिकमा गरेको देखियो । वर्षान्तमा काम गराउंदा समयमै सेवा दिनु पर्ने लगायतका कार्यमा बाधा पर्ने भएकोले निर्धारित समयमा कार्य सम्पादन गर्न ध्यान दिनुपर्दछ ।

३. **खरिदको आवश्यकता पहिचान :** कार्यालयले विभिन्न औषधि तथा उपकरण र विरामीलाई प्रदान गरिने सामग्री खरिद गर्दा आफु अन्तर्गतका अस्पताल र स्वास्थ्य केन्द्रको आवश्यकता समेतको आधारमा तोकिएको समय र चौमासिकमा खरिद कार्य गर्नुपर्ने व्यवस्था स्वास्थ्य सेवा सञ्चालन निर्देशिकाले गरेको छ । यो वर्ष सुत्केरी महिलाको लागि उपलव्ध गराईने न्यानो झोलाको वार्षिक लक्ष्य ६०० रहेको र उक्त सामग्री खरिद गर्न कार्यालयले रु.५,३०,८९८।- लागत अनुमान स्वीकृत गरी खरिद कार्यको सम्झौता २०७३/१/२० मा मात्र गरेको  छ । सप्लायर्सले २०७३/२/९ मा उक्त सामग्री सप्लाई गरेको छ । यस जिल्लाका विभिन्न १२ बर्थिङ सेन्टर समेतको आवश्यकताको आधारमा खरिद कार्य सञ्चालन गरेकोमा न्यानो झोला वितरण स्थिती परीक्षण गर्दा गत वर्षको जिम्मेवारी ५५ समेत ६५५ सेट मध्ये २०७३/२/१४ देखि आषाढ १५ सम्ममा ३१५ सेट वितरण गरी ३४० सेट मौज्दात रेहेको पाईयो । जिल्ला अस्पताल लगायत १२ वर्थिङ सेन्टरमा यो वर्ष जम्मा ६१३ प्रसुती भएको मध्ये २०७३ वैशाखदेखि आषाढ महिना सम्म १३३ जना सुत्केरी भएको विवरणबाट देखिन्छ । जिल्ला अस्पतालमा तत्काल उपलब्ध गराउन सकिने भए पनि अन्य स्वास्थ्य संस्थामा यो सामाग्री वर्षान्तमा खरिद गर्नाले लक्षित वर्गमा प्रभावकारी सेवा पुऱ्याउन सकेको देखिएन । समयमा नै खरिद कार्य गरि सेवा पुऱ्याउनु पर्दछ ।

३.१ सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६२ (घ) मा बोलपत्र वा प्रस्ताव सम्बन्धि काम कारवाहीमा कुनै किसिमले संलग्न हुने वा अन्य प्रतिस्पर्धी वोलपत्रको सहभागीतामा हस्तक्षेप नहुने गरी आचरण पालना गर्नुपर्ने समेतको व्यवस्था गरेको छ । कार्यालयबाट सञ्चालित खरिद कार्यमा भाग लिने प्रस्तावकको बारेमा परीक्षण गर्दा औषधि खरिदतर्फ १६ जना बोलपत्र दाताले बोलपत्र खरिद गरेको मध्ये ८ जनाले वोलपत्र दाखिला गरेकोमा ३ जनाले फिर्ता लिएका छन । औजार उपकरण, फर्निचर

लगायत खरिदमा ३ दरभाउपत्र बिक्रि र दाखिला भएकोले न्यून संख्यामा बिक्री र दाखिला भएको देखिएकोले खरिद कार्य प्रतिस्पर्धात्मक रहेको मान्ने आधार स्पष्ट देखिएन । खरिद कार्य सञ्चालन गर्दा कानूनले तोकेको व्यवस्था तर्फ समेत ध्यान दिई पूर्ण प्रतिस्पर्धी बनाउनु पर्दछ ।

३.२ कार्यालयले खरिद कार्य गर्दा प्रतिस्पर्धात्मक तबरबाट खरिद गर्नुपर्दछ । यो वर्षका खरिद मध्ये रु.५,६६,८७८।- मूल्यको बिभिन्न मितिमा ३ वटा सप्लायर्सबाट सोझै खरिद गरेको छ । औषधी सोझै खरिद गर्दा एम.आर.पी. मूल्यबाट औषधी खरिद गरेकोले यकिन नहुने र गुणस्तर र एक्सपायर मिति समेतमा ग्यारेन्टी नहुने हुदां खरिद कार्य गर्दा आबश्यकताको पहिचान गरी प्रतिस्पर्धात्मक तवरले कम लागतमा खरिद गर्नुपर्ने देखिन्छ । कार्यक्रम सञ्चालन गर्दा बोलपत्रको औषधि प्राप्त नभएको अबस्थामा केही औषधि पुनर्जागरण र वालस्वास्थ्य समेत कार्यक्रमबाट सोझै खरिद गरेकोमा आगामी वर्षबाट प्रतिस्पर्धात्मक तवरबाट खरीद गर्ने कार्यालयको भनाई रहेको छ ।

४. **नर्म्स** : अर्थ मन्त्रालयबाट स्वीकृत नर्म्स अनुसार खाजा खर्च वापत प्रति व्यक्ति रु. १५०।- का दरले खर्च गर्न सकिने व्यवस्था छ । औषधी खरिद बोलपत्र फाराम खोल्दा लगायत सहभागीलाई खाजा खर्च २०७३/०१/०७ को बिल बाट खाजा सेट ५२ को रु.२००।- दरले रु.१०,४००।- खर्च भएकोले बढी खर्च रु.२,६००।- असुल गर्नु पर्दछ ।

४.१ **औषधि खरिद तथा मौज्दात** : मानव उपचारमा आवश्यक औषधीहरु खरिद गर्दा विश्व स्वास्थ्य संगठनको स्वीकृत मापदण्ड भित्र रही खरिद कार्य गर्नु पर्दछ । कार्यालयले औषधी खरिद सम्बन्धी कार्य गर्नु अगावै केन्द्रीय मेडिकल स्टोर्स र क्षेत्रीय मेडिकल स्टोर्सबाट प्राप्त हुने अनुमानित विवरण माग गरेको समेत देखिएको र सो विवरण प्राप्त भए पछि जिल्ला र अर्न्तगतका कार्यालयको लागि ठेक्का बन्दोबस्त गर्ने तथा मौज्दात परिमाणको आधारमा औषधी आपूर्ति व्यवस्था तत्काल मिलाउनु पर्दछ । लेखापरीक्षणको शिलशिलामा २०७३/०७/३० मा औषधी भण्डार कक्षको भौतिक निरीक्षण गर्दा मेट्रोनिजोल, एमोक्सलिन, सिप्रोफ्लकजन लगायतका औषधीको मौज्दात अवस्था र औषधीको म्याद अवधि छोटो रहेको तथा मौज्दात न्यून समेत देखिएको छ ।

५. **चौमासिक पूँजीगत खर्च** : स्वीकृत वार्षिक कार्यक्रम तोकिएको चौमासिकमा संचालन गर्नु पर्नेमा कार्यालयले पूंजीगत उपशीर्षकमा पूरै रकम तेस्रो चौमासिकमा खर्च गरेको देखिन्छ । यस्तै चालु शीर्षक तर्फको अधिकांश खरिद व्यवस्थापन कार्य आर्थिक वर्षको अन्त्यमा गरेको छ । आर्थिक वर्षको अन्त्यमा काम गराउँदा कामको गुणस्तर तथा अनुगमनमा चाप पर्ने भएकाले नियममा भएको व्यवस्था अनुसार समयमै खरिद व्यवस्थापन तथा कार्य सञ्चालन गर्नु पर्दछ ।

७. **दरबन्दी तथा पदपूर्ति** : निजामती सेवा ऐन,२०४९ को दफा ७ तथा १८ बमोजिम कार्यालयमा दरबन्दी रिक्त भएमा विभिन्न किसिमबाट पदपूर्ती गर्नु पर्ने व्यवस्था छ । कार्यालयको कुल दरबन्दी संख्या २३९ रहेकोमा यो वर्ष औषत १७४ कर्मचारी मात्र पदपूर्ति भई कार्यरत रहेको पाइयो । स्वास्थ्य सेवामा ६५ जना कर्मचारी रिक्त हुनाले कार्यालयबाट दिनुपर्ने सेवा प्रवाहमा ठूलो प्रभाव पर्न जाने हुँदा समयमा पदपूर्ति व्यवस्थापन गर्न सम्बन्धित निकायले ध्यान दिनु पर्ने देखिन्छ ।

८. **पारिश्रमिक आय कर** : आय कर ऐन, २०५८ को दफा ८७ अनुसार रोजगार प्राप्त गर्ने व्यक्तिको मासिक पारिश्रमिकमा आर्थिक ऐनले तोकेको सीमा भन्दा बढी आय भएमा पारिश्रमिक कर लाग्ने व्यवस्था छ । कार्यालयका ४ कर्मचारीलाई पारिश्रमिक भुक्तानी दिंदा न्यून कर कट्टी भएको पाईएकाले नपुग रकम रु. २५,१५४।-असुल गर्नु पर्दछ ।

९. **दोहोरो भुक्तानी** : खर्च लेख्दा दोहोरो नपर्ने गरी खर्च लेख्नु पर्दछ । जिल्ला अस्पतालतर्फ २०७२ फाल्गुन महिनाको विरामीको राशन खर्च लेख्दा गत वर्षकै एक ठेकेदारलाई नै २ वटा विलवाट

भुक्तानी गरिएकोमा अघिल्लो विलमा २०७२/११/१ देखि ११/११ सम्मको रु. ५२,२७०।- भुक्तानी गरेकोमा अर्को विलमा पुन ०७२/११/१० देखि फाल्गुन मसान्त सम्मको रु.८२,०९०।- समेत भुक्तानी गर्दा फाल्गुन १० र ११ गरी २ दिनको खर्च रु. १२,६००।- बढी भुक्तानी भएकोले दोहोरो खर्च रकम असुल गर्नुपर्दछ ।

१०. **ठेक्का वन्दोवस्त :** कार्यालयले जिल्ला अस्पतालको लागि २०७२ माघ देखि २०७३ पौषसम्म विरामीलाई आवश्यक पर्ने खाना उपलव्ध गराउन २०७२/१०/१३ मा वोलपत्र सम्वन्धि सूचना प्रकाशन गरेको छ । कार्य समयमै गरी २०७२ माघदेखि नयाँ दरमा खाना उपलव्ध गराउनु पर्नेमा ढिला गरी २०७२/११/२७ मा खरिद प्रक्रिया टुङ्ग्याइएको पाइयो । न्यूनत्तम कवोल गर्ने एक आपुर्तकलाई रु.१४,२७,४४५।- को ठेक्का स्वीकृत भएको छ । नयाँ ठेक्का बन्दोवस्त भएपनि २०७२ चैत्र मसान्त सम्म पुरानै आपुर्तिकर्तावाट विरामीलाई खाना आपूर्ति गराएको छ । नयाँ अवधिको लागि प्रतिस्पर्धाद्धारा समयमा खाना उपलव्ध हुनुपर्नेमा पुरानै आपूर्तिकर्ताद्धारा चैत्रसम्म खाना उपलव्ध भैरहनु उपयूक्त भएन ।

११. **कार्य सञ्चालन कोष** : यो वर्ष रु. ३,४८,०००।- खर्च भएको आर्थिक विवरण पेश भएकोमा सो वाट राष्ट्रिय क्षयरोग केन्द्रको पत्रानुसार क्षयरोग सम्बन्धी वर्कशप सञ्चालन गर्ने कार्यमा खर्च भएको वील भर्पाइ लेखापरीक्षणमा पेश भएन ।

१२. **ग्रामिण सामुदायिक स्वास्थ्य :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ को उपनियम (३) मा कार्यालयले खर्च लेख्दा खर्चका बिल भरपाई संलग्न गरी प्रमाण पुष्ट्याई समेत प्रर्याप्त आधार भएमा मात्र खर्च लेखिनुपर्ने व्यवस्था छ। कार्यालयले दुधकुण्ड नगरपालिकामा नयाँ स्थापना भएका ३ शहरी स्वास्थ्य केन्द्रको लागि रु.२,४२,४००।- का फर्निचर सामान खरिद गरि हस्तान्तरण फाराम भरी बुझाएकोमा सो केन्द्रले जिन्सी दाखिला गरी प्रतिबेदन पेश नगरेको, अन्य २ केन्द्रलाई लेखापरीक्षण अबधि २०७३।८।२ सम्म उक्त सामान बुझाएको पाइएन ।

१३. **प्रमाण पेश :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ को उपनियम (८) मा कार्यालयले खर्च लेख्दा खर्चका बिल भरपाई संलग्न गरी प्रमाण पुष्ट्याई समेत प्रर्याप्त आधार भएमा मात्र खर्च लेखिनुपर्ने व्यवस्था छ । सामुदायिक स्वास्थ्य ईकाइ,बासा लाई सामुदायिक स्वास्थ्य ईकाइ संचालन अनुदान निर्देशिका,२०७२।०७३ बमोजिम कर्मचारीको पारिश्रमिक र कार्यालय व्यवस्थापनको लागि रु.३,३०,०००।- अनुदान दिएकोमा निर्देशिका अनुसारको खर्चका बिल भरपाईको प्रमाण पेश गर्नुपर्दछ ।

१४. आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ७४ अनुसार तोकिएको कार्यमा लगेको पेश्की कार्यसम्पन्न भएपछि फांटबारी पेश गरी फछ्र्यौट गर्नुपर्दछ । एक कर्मचारीलेक्षयरोग सम्बन्धि बिभिन्न कार्यक्रम संचालन वापत लिएको पेश्की रु.२,१०,०००।- फछ्र्यौट गर्दा डिफल्ट विरामीलाई उपचारमा ल्याउने सेफलर म्यागनिजम सुदृढ गर्ने कार्य वापत बिल भरपाई संलग्न नगरी रु.४,०००/- पेश्की फछ्र्यौट गरेको र अ.न.मी.ले पेश गरेको दैनिक भ्रमण बिल रु.४,८३०।– मा दस्तखत एवम भरपाईमा बुझिलिएको दस्तखत नभएको हुंदा दुवै गरी जम्मा रु.८,८३०।- असुल गर्नुपर्दछ ।

१४.१ क्षयरोग सम्बन्धि बिभिन्न कार्यक्रम संचालन वापत लिएको पेश्की रु.१,८७,०००।- फछ्र्यौट गर्दा डिफल्ट विरामीलाई उपचारमा ल्याउने सेफलर म्यागनिजम सुदृढ गर्ने कार्य वापत बिल भरपाई संलग्न नगरी रु.४,०००।- पेश्की फछ्र्यौट गरेको र सहभागीहरुलाई बितरण गरेको यातायात खर्चको बिल रु.८,४००।- रहेकोमा रु.१२,०००।- पेश्की फछ्र्यौट गरेको पाईएकोले बिल रकम भन्दा बढी फछ्र्यौट गरेको रु.७,६००।- असुल गर्नुपर्दछ ।

१४.२ राष्ट्रिय क्षयरोग कार्यक्रम कार्यसंचालन निर्देशिकामा स्टेशनरीमा प्रतिव्यक्ति रु.१००।-, तालिम सामाग्रीमा रु.१,०००।- र खाजामा प्रति व्यक्ति प्रति दिन रु.१५०।- का दरले सहभागीलाई खर्च लेखांकन गर्न सकिने व्यवस्था रहेको छ । एक अ.न.मी.को रु.२,८१,०००।- पेश्की फछ्र्यौट गर्दा क्षयरोग मोड्युलर तालिममा सहभागि २१ जनाको नर्म्स अनुसार सो उपस्थितीको लागि स्टेशनरीमा रु.४,१००।- (तालिम सामाग्री समेतको) र खाजामा रु.२५,२००।- ७ जना समेतको) मात्र खर्च गर्न पाउनेमा तालिम सामाग्री समेत स्टेशनरीमा रु.१४,९००।- र खाजामा रु.३६,०००।- खर्च गरेकोले नर्म्स भन्दा बढी खर्च भएको क्रमश:रु.१०,८००।– र रु.१०,८००।– गरी जम्मा रु.२१,६००।–एवं एक कर्मचारीले हिमाली जिल्लाका दुर्गम स्थानमा माईस्क्रोस्कोपिक क्याम्प गरी बिरामी पत्ता लगाउने कार्यक्रम ३ दिन संचालन गर्दा सहभागी संख्या १८ रहेकोले रु.८,१००।- खर्च पाउनेमा रु.१२,३००।- खर्च लेखेकोले वढी लेखिएको रु.३,६००।- गरी कुल जम्मा रु.२५,२००।- असुल गर्नुपर्दछ ।

१४.३ एक कर्मचारीको रु.२,८१,०००।-पेश्की फछ्र्यौट गर्दा डट्स सेन्टरस्तरमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा डाटा समायोजन गर्न डट्स वर्कशपमा १ दिन थप गरी तालीम संचालन गर्ने कार्यक्रम रहेकोमा एक कर्मचारीलाई रु.१५,१२०।- र विभिन्न स्वास्थ्य संस्थाका १२ जना कर्मचारीलाई दैनिक भत्ता वापत रु.१२,८८०।- गरी जम्मा रु.२८,०००।- कार्यक्रम बेगर दैनिक भत्तामा खर्च गरेको छ । स्वीकृत कार्य भन्दा अन्य क्षेत्रमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१५. **बढी भुक्तानी** : भ्रमण खर्च नियमावली,२०६४ को नियम ७ को उपनियम (६) मा कार्यालयबाट रात बिताउने गरी अन्यत्र काज खटिएको कर्मचारीले अधिकतम ७ दिनको पूरै र ८ औं दिन देखिको होटल बास खर्चको २५ प्रतिशत र दैनिक भत्ताको ५० प्रतिशत मात्र पाउने व्यवस्था रहेकोमा एक कर्मचारीलाई १४ दिन काठमाडौं काज खटाएको अवधिको रु.८,५७५।- मात्र पाउनेमा रु.२०,९८०।- भत्ता दिएकोले भुक्तानी गरेको रु.४,७०५।- असुल गर्नु पर्दछ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ३५ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट, २ कार्यालयको जिल्ला विकास समितिको आ.ले.प. शाखाबाट र १ कार्यालयको नेपाल संस्कृत विश्वविद्यालय केन्द्रीय कार्यालय दाङ्गबाट सम्पन्न भएको छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनअनुसार २८ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । यस बर्ष संक्षिप्त कार्यबिधि अबलम्वन गरी १८ कार्यालयको लेखापरीक्षण सम्पन्न गरिएको मध्ये निम्न ५ कार्यालयको रु.६६,०३,१८१/- बेरुजू बाँकी देखिएको छ। आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

| सि.नं. | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १ | ईलाका प्रहरी कार्यालय नाम्चे | ३१४०२८४ | मोबिलाईजेशन पेस्की | ४४,४९,०००।- |
| २ | खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय | – | पेश्की–जिल्ला बिकाससमिति, सोलुखुम्बु | ११,००,०००।- |
| ३ | जिल्ला सरकारी वकिल कार्यालय | २१६१०१४ | मोबिलाईजेशन पेस्की | १०,५४,१८१.५५ |
| ४. | जिल्ला हुलाक कार्यालय | राजस्व | प्रयोग गर्नु पर्ने म.ले.प. फारामहरु प्रयोग नगरेको | सैद्धान्तिक |
| ५ | वि.पी. संस्कृत विद्यापिठ | – | धरौटी तथा दायित्व फरफारक | सैद्धान्तिक |
| | | | **जम्मा** | **६६,०३,१८१.००** |

**(विश्वनाथ रेग्मी)**
**नायब महालेखारीक्षक**

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधिः विस्तृत** (रु लाखमा)

| क.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | अमरदल गुल्म | ८०३ | ०.२ | ११ | - | ८१४.२ |
| २ | अस्पताल बिकास समिति | - | - | - | ४० | ४० |
| ३ | ईलाका प्रशासन कार्यालय सोताङ | ११ | - | - | - | ११ |
| ४ | जिल्ला कृषि विकास कार्यालय | ७९४ | १ | ७ | १३ | ८१५ |
| ५ | घरेलु तथा साना उद्योग बिकास समिति | १०२०५ | २२ | १६ | ६ | १०२४९ |
| ६ | दुर्गम क्षेत्र बिकास समिति | ९३ | - | १ | - | ९४ |
| ७ | नापी कार्यालय | ४२ | ४ | - | ४ | ५० |
| ८ | जिल्ला निर्बाचन कार्यालय | ३२ | - | - | - | ३२ |
| ९ | पर्यटन कार्यालय | ३५९ | .०५ | १३ | ११५ | ४८७.०५ |
| १० | जिल्ला प्रहरी कार्यालय | ९७६ | ६ | २२ | ८८ | १०९२ |
| ११ | जिल्ला प्राबिधिक कार्यालय | ११४ | - | १३ | - | १२७ |
| १२ | जिल्ला बन कार्यालय | २८१ | ७ | ६ | ३ | २९७ |
| १३ | बराह दल गुल्म नाम्चे | १०१८ | ०.०६ | २१ | - | १०३९.०६ |
| १४ | मालपोत कार्यालय | ७१ | १४७ | १६ | १८६ | ४२० |
| १५ | याक बिकास फार्म,स्याङबोचे | १६३ | २ | २ | - | १६७ |
| १६ | सगरमाथा राष्ट्रिय निकुञ्ज | ५८९ | ६७२ | ३४ | ९ | १३०४ |
| १७ | जिल्ला विकास समितिको कार्यालय | - | ४२ | - | १२१८२ | १२२२४ |
| १८ | जिल्ला शिक्षा कार्यालय | ६२७५ | ४१ | - | ८ | ६३२४ |
| १९ | स्थानीय विकास कोषको सचिवालय | - | - | - | ५० | ५० |
| २० | जिल्ला स्वास्थ्य कार्यालय | ११०७ | ६ | ६ | ३ | ११२२ |
| | **जम्मा** | **२२९३३** | **९५०.३१** | **१६८** | **१२७०७** | **३६७५८.३१** |

**लेखापरीक्षण विधिः संक्षिप्त** (रु लाखमा)

| क.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | सोलुखुम्बु जिल्ला अदालत | १११ | - | - | - | १११ |
| २. | ईलाका प्रहरी कार्यालय नेचा | ८३ | - | - | - | ८३ |
| ३. | ईलाका प्रहरी कार्यालय नाम्चे | ३३२ | ०.२७ | १ | - | ३३३.२७ |
| ४. | ईलाका प्रहरी कार्यालय सोताङ | १९६ | ०.४ | - | - | १९६.४ |
| ५. | कारागार कार्यालय | ५९ | - | १ | ०.०१ | ६०.०१ |
| ६. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ६१ | ३५१ | ४ | - | ४१६ |
| ७. | खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय | ५६३ | ५ | १७ | - | ५८५ |
| ८. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ३७ | - | - | - | ३७ |
| ९. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द | ५६ | ०.०५ | - | - | ५६.०५ |
| १०. | जिल्ला पशु सेवा कार्यालय | २५३ | - | - | ७ | २६० |
| ११. | जिल्ला प्रशासन कार्यालय | १३३ | ८७ | १० | १११६ | १३४६ |
| १२. | जिल्ला सरकारी वकिल कार्यालय | ६५ | - | २ | - | ६७ |
| १३. | जिल्ला हुलाक कार्यालय | २८१ | ८ | २ | ०.४६ | २९१.४६ |
| १४. | बागबानी कार्यालय | १२३ | ७ | ६ | - | १३६ |
| १५. | वि.पी. संस्कृत विद्यापिठ | - | - | - | ६१ | ६१ |
| १६. | महिला तथा बालबालिका कार्यालय | १२७ | २ | - | ९ | १३८ |
| १७. | सिमा प्रशासन कार्यालय नाम्चे | २३ | ०.०८ | - | - | २३.०८ |
| १८. | सिंचाई बिकास सब–डिभिजन कार्यालय | २३० | ०.२३ | २५ | - | २५५.२३ |
| | **जम्मा** | **२७३३** | **४६१.०३** | **६८** | **११९३.४७** | **४४५५.५** |
| | **कुल जम्मा** | **२५६६६** | **१४११.३४** | **२३६** | **१३९००.४७** | **४१२१३.८१** |

अनुसूची २

## बेरुजूको स्थिति

**(रु हजारमा)**

| क्र.स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रिया र समायोजनबाट फछ्यौट | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को क्रममा | प्रतिक्रिया बाट | जम्मा |
| १ | अमरदल गुल्म | ४ | - | २ | - | २ | - | - | - | - | - | - | - |
| २ | अस्पताल बिकास समिति | ११ | ४९१ | ७ | - | ४ | ८३ | ४०८ | - | ४९१ | - | - | - |
| ३ | ईलाका प्रशासन कार्यालय सोताड | ९ | १५६ | ६ | - | ३ | ८४ | ७२ | - | १५६ | - | - | - |
| ४ | ईलाका प्रहरी कार्यालय नाम्चे | १ | ४४४९ | - | - | १ | - | - | ४४४९ | ४४४९ | - | - | - |
| ५ | जिल्ला कृषि विकास कार्यालय | २९ | ७१५ | १९ | - | १० | - | ७१५ | - | ७१५ | २५ | - | २५ |
| ६ | खानेपानी तथा सरसफाई सब –डिभिजन कार्यालय | २ | १८६२ | १ | - | १ | - | ७६२ | ११०० | १८६२ | - | - | - |
| ७ | घरेलु तथा साना उद्योग बिकास समिति | ८ | २३० | २ | - | ६ | - | २३० | - | २३० | - | - | - |
| ८ | दुर्गम क्षेत्र बिकास समिति | १० | १५७१ | ६ | - | ४ | - | १५७१ | - | १५७१ | - | - | - |
| ९ | नापी कार्यालय | ५ | ३ | ४ | - | १ | ३ | - | - | ३ | - | - | - |
| १० | जिल्ला निर्बाचन कार्याल | ४ | १९ | २ | - | २ | ३ | १६ | - | १९ | - | - | - |
| ११ | पर्यटन कार्यालय | २० | ३७७६ | १२ | - | ८ | २८२ | ३४९४ | - | ३७७६ | - | - | - |
| १२ | जिल्ला प्रहरी कार्यालय | १० | - | ६ | - | ४ | - | - | - | - | २० | - | २० |
| १३ | जिल्ला प्राबिधिक कार्यालय | १५ | ४३४ | १२ | - | ३ | - | ४३४ | - | ४३४ | - | - | - |
| १४ | जिल्ला बन कार्यालय | २६ | १२२८ | १६ | ५२ | १० | २०२ | ९७४ | - | ११७६ | ३ | ३३ | ३६ |
| १५ | बराह दल गुल्म नाम्चे | ३ | - | १ | - | २ | - | - | - | - | ५४ | - | ५४ |
| १६ | मालपोत कार्यालय | १६ | १०० | १२ | १ | ४ | ९ | ९० | - | ९९ | - | १ | १ |
| १७ | याक बिकास फार्म,स्याङबोचे | १४ | ६९२ | ९ | ४८६ | ५ | ० | २०६ | - | २०६ | - | १५ | १५ |
| १८ | जिल्ला सरकारी वकिल कार्यालय | १ | १०५४ | - | - | १ | - | - | १०५४ | १०५४ | - | - | - |
| १९ | सगरमाथा राष्ट्रिय निकुञ्ज | ३५ | ७६०३ | २३ | - | १२ | २६५ | ७१८८ | १५० | ७६०३ | - | - | - |
| २० | जिल्ला विकास समितिको कार्यालय | १३० | ३३९४५ | ९४ | - | ३६ | १३८७ | १९३७४ | १३१८४ | ३३९४५ | ३५ | - | ३५ |
| २१ | वि.पी. संस्कृत विद्यापिठ | ३ | - | १ | - | २ | - | - | - | - | - | - | - |

| क्र. स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रिया र समायोजनबाट फछ्यौट | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| २२ | सिंचाई बिकास सब–डिभिजन कार्यालय | १ | १५८० | - | - | १ | - | - | १५८० | १५८० | - | - | - |
| २३ | जिल्ला शिक्षा कार्यालय | ३८ | ११७६२४ | २८ | ५८४ | १० | १९८ | ११६८४२ | - | ११७०४० | - | ५८४ | ५८४ |
| २४ | स्थानीय विकास कोषको सचिवालय | ३ | ५ | १ | - | २ | ५ | - | - | ५ | - | - | - |
| २५ | जिल्ला स्वास्थ्य कार्यालय | ३५ | १६७५ | २० | - | १५ | १८८ | १४८७ | - | १६७५ | २३ | - | २३ |
| २६ | जिल्ला हुलाक कार्यालय | २ | - | १ | - | १ | - | - | - | - | - | - | - |
| | **जम्मा** | **४३५** | **१७९२१२** | **२८५** | **११२३** | **१५०** | **२७०९** | **१५३८६३** | **२१५१७** | **१७८०८९** | **१६०** | **६३३** | **७९३** |

**द्रष्टव्य :**

- *वेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ ।*
- *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ ।*

अनुसूची - ३

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | अमरदल गुल्म | सरोज कुमार कार्की/सबिन प्रताप के.सी. | लुकेश्वर ठाकुर र रबिन्द्र भण्डारी |
| २ | अस्पताल बिकास समिति | रोशनलाल चौधरी र अर्जुन प्रसाद पौडेल | सम्झना आचार्य |
| ३ | ईलाका प्रशासन कार्यालय सोताङ | कृष्ण प्रसाद शर्मा र खेमराज भट्टराई | सोम प्रसाद आचार्य |
| ४ | इंलाका प्रहरी कार्यालय नाम्चे | रामकाजी थामी | सन्तोष हेलम्बु |
| ५ | जिल्ला क.षि विकास कार्यालय | हस्त बहादुर बिष्ट | युवराज थापा मगर |
| ६ | खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय | कुल प्रसाद शर्मा | सोम प्रसाद आचार्य |
| ७ | घरेलु तथा साना उद्योग बिकास समिति | चेतनाथ घिमिरे | ऋषिकेश अधिकारी र अमलेश कुमार सिंह |
| ८ | दुर्गम क्षेत्र बिकास समिति | महेश पराजुली | सूर्यप्रसाद त्रिपाठी |
| ९ | नापी कार्यालय | श्याम बाबु साह र मैनेस्वर पंडित | लेखनाथ दाहाल र काली बहादुर रावत |
| १० | जिल्ला निर्बाचन कार्यालय | कविता निरौला ढुंगेल र खिमा देवी लङ्वा | बुद्धिमान प्रधान र सविन अधिकारी |
| ११ | पर्यटन कार्यालय | विन्दा आचार्य | मनोज पौडेल |
| १२ | जिल्ला प्रहरी कार्यालय | चन्द्र देव राई र माधव्र प्रसाद बुढाथोकी | सरोज कुमार बिष्ट |
| १३ | जिल्ला प्राबिधिक कार्यालय | राजेन्द्र के.सी. | सृजना आचार्य |
| १४ | जिल्ला बन कार्यालय | मेघराज राई र भिष्मराज जोशी | खरिधन राई |
| १५ | बराह दल गुल्म नाम्चे | ज्योति कुमार थापा र संगीत पुन | गिरीधारी पौडेल |
| १६ | मालपोत कार्यालय | गुणराज भट्टराई र दिनेश कुमार राई | बाबुराम बस्नेत र सीताराम थापा |
| १७ | याक बिकास फार्म,स्याङबोचे | मटुकलाल चौधरी | चोलराज आचार्य र बाबुराम बस्नेत |
| १८ | जिल्ला सरकारी वकिल कार्यालय | पुण्य प्रसाद सापकोटा र युबराज महत | सन्दिप टेलर |
| १९ | सगरमाथा राष्ट्रिय निकुञ्ज | लक्ष्मण प्रसाद पौडेल र गणेश पन्त | चोलराज आचार्य |
| २० | जिल्ला विकास समितिको कार्यालय | महेश पराजुली | कुल प्रसाद रेग्मी |
| २१ | सिंचाई बिकास सब–डिभिजन कार्यालय | जित नारायण काशिछवा | युबराज थापा मगर |
| २२ | जिल्ला शिक्षा कार्यालय | बिर बहादुर खड्का | सुबोध कुमार रेग्मी, नरेश कामैत, राम कुमार के.सी. |
| २३ | स्थानीय विकास कोषको सचिवालय | युवराज पोखरेल | भोजनारायण राजभण्डारी |
| २४ | वि.पी. संस्कृत विद्यापिठ | | माधव प्रसाद कोइराला |
| २५ | जिल्ला स्वास्थ्य कार्यालय | रोशनलाल चौधरी | अर्जुन प्रसाद पौडेल, सम्झना आचाय |
| २६ | जिल्ला हुलाक कार्यालय | मैयादेबी धमला, जीवन प्रसाद आचार्य | मनिष कुमार आले |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np